## सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

## आदेश

## रिट नं. ०७९-WC-००५३

विषयः उत्प्रेषणसमेत।

**निवेदकहरुः**

१. भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नं. २ बस्ने वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपाने ........................................................................१
२. गुल्मी जिल्ला, सत्यवती गाउँपालिका वडा नं. ५ बस्ने हेमलाल पुन ..................१
३. मकवानपुर जिल्ला घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ बस्ने अधिवक्ता रिता भट्टराई ...........................................................१
४. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने अधिवक्ता रविन शर्मा ..........................................................................................१

**विरूद्ध**

**प्रत्यर्थीहरुः**

१. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं..........................................................................................१
२. संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं ..........................................१
३. नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं..........................................................................................१

४. निर्वाचन आयोग, बहादुर भवन, काठमाडौं ..................................................१
५. नेपाली कांग्रेस पार्टी, केन्द्रीय कार्यालय, सानेपा, ललितपुर ..............................१
६. नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय कार्यालय, ललितपुर ............................१
७. माओवादी केन्द्र, केन्द्रीय कार्यालय, पेरिसडाँडा, काठमाडौं ..............................१
८. राष्ट्रिय स्वतन्त्र पार्टी, केन्द्रीय कार्यालय, बसुन्धरा, काठमाडौं ..........................१
९. राष्ट्रिय प्रजातन्त्र पार्टी, केन्द्रीय कार्यालय, धुम्बराही, काठमाडौं ........................१
१०. जनता समाजवादी पार्टी नेपाल, केन्द्रीय कार्यालय, बालकुमारी, ललतिपुर ...........१
११. जनमत पार्टी, केन्द्रीय कार्यालय, सुर्यविनायक नगरपालिका वडा नं. ३, भक्तपुर.....१
१२. प्रतिनिधि सभा सदस्य रघुजी पन्त, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं.......................................................................................१
१३. एकनाथ ढकाल ऐ.ऐ. ..........................................................................१
१४. दयार बहादुर शाही ऐ.ऐ. ..................................................................१
१५. मेनका कुमारी पोखेल ऐ.ऐ. ..............................................................१
१६. सरिता भुसाल ऐ.ऐ. ..........................................................................१
१७. शोभा ज्ञवाली ऐ.ऐ. ..........................................................................१
१८. विजुली रायमाझी ऐ.ऐ. ....................................................................१
१९. निर्मला कोइराला ऐ.ऐ. ....................................................................१
२०. सम्झना थपलिया ऐ.ऐ. .....................................................................१
२१. दिपा शर्मा ऐ.ऐ. ...............................................................................१
२२. सुनिता बराल ऐ.ऐ. ..........................................................................१
२३. देवि प्रकाश भट्टचन ऐ.ऐ. .................................................................१
२४. हेमराज राई ऐ.ऐ. .............................................................................१
२५. कालुराम राई ऐ.ऐ. ...........................................................................१
२६. जैनकला थापा ऐ.ऐ. ..........................................................................१
२७. सुर्य कुमारी श्रेष्ठ ऐ.ऐ. ......................................................................१
२८. उर्मिला थेवे ऐ.ऐ. ..............................................................................१
२९. इश्वरी घर्ती ऐ.ऐ. ..............................................................................१
३०. रण कुमारी विम्पाकी मगर ऐ.ऐ. .........................................................१
३१. शान्ति श्रेष्ठ ऐ.ऐ. ..............................................................................१
३२. सरस्वती सुब्बा ऐ.ऐ. ..........................................................................१

३३. गंगा प्रसाद यादव ऐ.ऐ. ............................................................................१
३४. अमृत लाल राजवंशी ऐ.ऐ. ..........................................................................१
३५. विना देवी ऐ.ऐ. ......................................................................................१
३६. अमृता देवी अग्रहरी ऐ.ऐ. ...........................................................................१
३७. प्रतिक्षा तिवारी ऐ.ऐ. ................................................................................१
३८. इश्वर बहादुर रिजाल ऐ.ऐ. ..........................................................................१
३९. प्रभु हजार दुसाध ऐ.ऐ. .............................................................................१
४०. चन्द बहादुर विश्वकर्मा ऐ.ऐ. .......................................................................१
४१. रुक्मणी राना बराइली ऐ.ऐ. ........................................................................१
४२. हर्कमाया विश्वकर्मा ऐ.ऐ. ...........................................................................१
४३. अस्मा कुमारी चौधरी ऐ.ऐ. .........................................................................१
४४. शान्ति चौधरी ऐ.ऐ. ..................................................................................१
४५. सराज अहमद फारुकी ऐ.ऐ. .......................................................................१
४६. प्रकाश शरण महत ऐ.ऐ. ...........................................................................१
४७. अम्बिका बस्नेत ऐ.ऐ. ..............................................................................१
४८. सरिता प्रसाई ऐ.ऐ. ..................................................................................१
४९. आरजु राणा ऐ.ऐ. ....................................................................................१
५०. ईश्वरी देवी न्यौपाने ऐ.ऐ. ...........................................................................१
५१. प्रतिमा गौतम ऐ.ऐ. ..................................................................................१
५२. मन्जु खांण ऐ.ऐ. .....................................................................................१
५३. रमा कोइराला ऐ.ऐ. .................................................................................१
५४. कान्तिका सेजुवाल ऐ.ऐ. ...........................................................................१
५५. मैना कार्की ऐ.ऐ. ....................................................................................१
५६. सरस्वती वजिमय ऐ.ऐ. ............................................................................१
५७. लिला देवी वोजखम लिम्बु ऐ.ऐ. .................................................................१
५८. सिता कुमारी राना ऐ.ऐ. ...........................................................................१
५९. सुशिला थिङ ऐ.ऐ. ..................................................................................१
६०. सपना राज भण्डारी ऐ.ऐ. .........................................................................१
६१. माया राई ऐ.ऐ. ......................................................................................१
६२. कुसमुदेवी थापा ऐ.ऐ. ..............................................................................१

६३. मनोरमा शेरचन ऐ.ऐ. ........................................................................१
६४. अन्जनी श्रेष्ठ ऐ.ऐ. ........................................................................१
६५. विमलेन्द्र निधी ऐ.ऐ. ........................................................................१
६६. नागिना यादव ऐ.ऐ. ........................................................................१
६७. मुक्ता कुमारी यादव ऐ.ऐ. ........................................................................१
६८. चन्दा चौधरी ऐ.ऐ. ........................................................................१
६९. संगीता मण्डल धानुक ऐ.ऐ. ........................................................................१
७०. जीवन परियार ऐ.ऐ. ........................................................................१
७१. शान्ति वि.क. ऐ.ऐ. ........................................................................१
७२. रुपा वि.क. ऐ.ऐ. ........................................................................१
७३. सिता मिजार ऐ.ऐ. ........................................................................१
७४. आशा वि.क. ऐ.ऐ. ........................................................................१
७५. कल्पना चौधरी ऐ.ऐ. ........................................................................१
७६. विना कुमारी थनैत ऐ.ऐ. ........................................................................१
७७. जावेदा खातुन जागा ऐ.ऐ. ........................................................................१
७८. हितराज पाण्डे ऐ.ऐ. ........................................................................१
७९. ज्ञानु बस्नेत सुवेदी ऐ.ऐ. ........................................................................१
८०. बिमला सुवेदी ऐ.ऐ. ........................................................................१
८१. नारायणी शर्मा ऐ.ऐ. ........................................................................१
८२. दर्गी राई ऐ.ऐ. ........................................................................१
८३. मिना तामाङ ऐ.ऐ. ........................................................................१
८४. उर्मिला माझी ऐ.ऐ. ........................................................................१
८५. छिरिङ ल्हामु लामा (तामाङ) ऐ.ऐ. ........................................................................१
८६. मिना यादव ऐ.ऐ. ........................................................................१
८७. उमरावती देवी ऐ.ऐ. ........................................................................१
८८. रणेन्द्र बराल ऐ.ऐ. ........................................................................१
८९. सुशिला सिर्पाली ठकुरी ऐ.ऐ. ........................................................................१
९०. रुपा सो (चौधरी) शी. ऐ.ऐ. ........................................................................१
९१. कल्पना मियाँ कुमारी ऐ.ऐ. ........................................................................१
९२. डोलप्रसाद अर्याल ऐ.ऐ. ........................................................................१

९३. चन्दा कार्की ऐ.ऐ. ....................................................................१
९४. निशा डाँगी ऐ.ऐ. ....................................................................१
९५. विनिता कठायत ऐ.ऐ. ....................................................................१
९६. ढाकाकुमार श्रेष्ठ ऐ.ऐ. ....................................................................१
९७. इन्दिरा राना ऐ.ऐ. ....................................................................१
९८. सुमना श्रेष्ठ ऐ.ऐ. ....................................................................१
९९. मनीष झा ऐ.ऐ. ....................................................................१
१००. लक्ष्मी तिवारी ऐ.ऐ. ....................................................................१
१०१. सन्तोष परियार ऐ.ऐ. ....................................................................१
१०२. शिव नेपाली ऐ.ऐ. ....................................................................१
१०३. अशोककुमार चौधरी ऐ.ऐ. ....................................................................१
१०४. असिम शाह ऐ.ऐ. ....................................................................१
१०५. पशुपति शमशेर जबरा ऐ.ऐ. ....................................................................१
१०६. रोशन कार्की ऐ.ऐ. ....................................................................१
१०७. गीता बस्नेत ऐ.ऐ. ....................................................................१
१०८. बुद्धिमान तामाङ ऐ.ऐ. ....................................................................१
१०९. बिना लामा ऐ.ऐ. ....................................................................१
११०. बिना जैसवाल ऐ.ऐ. ....................................................................१
१११. अनिशा नेपाली ऐ.ऐ. ....................................................................१
११२. प्रकाश अधिकारी ऐ.ऐ. ....................................................................१
११३. रेखा यादव ऐ.ऐ. ....................................................................१
११४. सुशीला श्रेष्ठ ऐ.ऐ. ....................................................................१
११५. रञ्जु कुमारी झा ऐ.ऐ. ....................................................................१
११६. शहनाज रहमान ऐ.ऐ. ....................................................................१
११७. गोमा लाभ (सापकोटा) ऐ.ऐ. ....................................................................१
११८. सोनु मुर्मु ऐ.ऐ. ....................................................................१
११९. विनिता कुमारी सिंह ऐ.ऐ. ....................................................................१
१२०. अनिता देवी ऐ.ऐ. ....................................................................१
१२१. अब्दुल खांन ऐ.ऐ. ....................................................................१

नेपालको संविधानको धारा १३३ तथा १३७ बमोजिमको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ:

## तथ्यगत बेहोरा

### १. रिट निवेदनको बेहोराः

नेपालको संविधानको प्रस्तावनाको चौथो प्रकरणमा आर्थिक समानता, सम्वृद्धि, सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न संकल्प गर्दै भन्ने उल्लेख छ भने धारा ४२ मा सामाजिक न्यायलाई मौलिक हकको रुपमा सुनिश्चित गरी सो धाराको देहाय (१) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला दलित आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्ग भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विभिन्न खस आर्यलाई समावेशी नीतिका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरेको छ। विपक्षी राजनीतिक दलहरुले आफ्नो दलको तर्फबाट सिफारिस गरेका र विपक्षी निर्वाचन आयोगले विजयी घोषणा गरेका समानुपातिक सांसद सदस्यहरु नेपालको संविधानको धारा ४२(१) को भावना विपरीत हुने गरी उम्मेदवार दिएको तथा विजयी घोषित भएको अवस्था छ। नेपालको संविधानको मूल उद्देश्य आर्थिक सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित आदिवासी लगायत आर्थिक रुपले बिपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता गराउने र आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्गलाई माथि उठाउनु हो। सो व्यवस्थालाई कार्यान्वयन गर्न संविधानको धारा ८४(२) को समानुपातिक निर्वाचन प्रणाली राखिएको हो तर २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट विजयी घोषित भएका ११० जना सांसदहरु आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका व्यक्ति नभई आर्थिक रुपले सम्पन्न, उच्च शिक्षा हासिल गरेका, पटक-पटक मन्त्री/सांसद भइसकेका, उच्च सामाजिक अवस्था भएका व्यक्तिहरु रहेका छन्।

नेपालको सविधानको धारा १८ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुने; कसैलाई पनि कानूनको समान संरक्षरणबाट बञ्चित नगरिने र जातजाती, लिङ्ग, वैवाहिक स्थिति, आर्थिक

अवस्था, भाषा वा क्षेत्र जस्ता विषयमा भेदभाव नगरिने भन्ने प्रत्याभूत गरेको छ। तर विपक्षी निकायको कार्यले व्यक्ति-व्यक्तिबीच धर्म, वर्ण, लिङ्ग, जातजाती, उत्पति, भाषा, क्षेत्रको आधारमा भेदभाव गरी नागरिकको अधिकारमा प्रतिकूल आघात पुऱ्याएको छ। संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नागरिकलाई संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्दा समानताको हकमा रोक लागेको नमानिने तर त्यसका निम्ति ती नागरिकहरु सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका व्यक्ति[१] हुनु पर्छ।

संविधानको धारा ८४(२) मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनमा राजनीतिक दलले उम्मेदवारी दिदा जनसङ्ख्याको आधारमा भन्ने शब्दावली भए पनि समानुपातिक समावेशी सिद्धान्तलाई मौलिक हकको रुपमा राखेको धारा ४२(१) लाई उल्लङ्घन गर्न मिल्दैन। समानुपातिक सिद्धान्तको व्यवस्था संविधानको धारा ४२(१) हो। सो धारा बमोजिम मात्र धारा ८४(१) समानुपातिक सिद्धान्तको हक हो। धारा ८४(२) स्वतन्त्र धारा नभै धारा ४२(१) लाई पूर्णता दिने र कार्यान्वयन गर्ने धारा मात्र हो। यी २ धारालाई व्याख्या गर्दा संविधानको प्रस्तावनाको आधारमा व्याख्या गरिनु पर्छ।

अतः समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित विपक्षी ११० जना सांसदहरु संविधानको मर्म र धारा ४२(१) को भावनाको विपरीत भएको अवस्थामा यी सांसदलाई कार्य सम्पादन गर्न दिएमा समानुपातिक सिद्धान्तको औचित्य नरहने भएकोले सुविधा र सन्तुलनको सिद्धान्तलाई दृष्टिगत गरी प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म विपक्षी सांसदहरुलाई कामकाज नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१)(२) बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाउँ। साथै समानुपातिक निर्वाचन प्रणाली बमोजिम चुनिई विपक्षी आयोगले विजयी घोषणा गरी सपथ खुवाएका विपक्षी सांसदहरुको विजयी घोषणा, सपथ लगायत सम्पूर्ण काम कारवाही संविधानको धारा १८, ४२, संविधानको प्रस्तावना तथा संविधानले समग्रमा अङ्गिकार गरेको समानुपातिक सिद्धान्त विपरीत भएकोले संविधानको धारा १३३(२) बमोजिम उत्प्रेषणको आदेशले बदर

[१] *अर्थात महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य।*

गरी राजनीतिक दलले पेस गरेको समानुपातिक सूचीबाट संविधानको धारा ४२(१) अनुरूप आर्थिक, सामाजिक र शैक्षिक दृष्टिकोणले पछाडि परेका व्यक्तिहरुलाई समानुपातिक सिद्धान्तको आधारमा छनोट गर्नु भन्ने परमादेश वा अन्य जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ।

**२. यस अदालतबाट भएको कारण देखाऊ आदेशः**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिन भित्र प्रत्यर्थी मध्येका १, २, ३ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा अन्य प्रत्यर्थीहरुको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु। निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदकले उठाएको विषयवस्तु पूर्ण सुनुवाई हुँदाका बखत निरुपण हुनुपर्ने प्रकृतिको देखिँदा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन। साथै प्रस्तुत विषय छिटो छरितो रुपमा निरूपण हुनुपर्ने प्रकृतिको देखिएकोले अग्राधिकार दिई नियमानुसार पेश गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७९।१०।४ मा भएको आदेश।

**३. <u>प्रत्यर्थीहरुको लिखित जवाफ</u>**

**३.१ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः**

विपक्षी निवेदकले दावी लिनुभएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको छ र यस कार्यालयको के, कस्तो काम कारवाही वा निर्णयबाट निवेदकको के, कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो भन्ने निवेदनमा उल्लेख छैन। प्रस्तुत रिट निवेदनमा विपक्षी निवेदकले दावी लिनुभएको प्रतिनिधि सभामा समानुपातिकतर्फ उम्मेदवारी दिने तथा विजयी घोषणा गर्ने विषयमा यस कार्यालयको कुनै किसिमको संलग्नता तथा यस कार्यालयलाई प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण खुलाउन सकेको छैन।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को व्यवस्था अनुसार निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलले सिफारिस गरी सांसद निर्वाचित भइसकेका र कुनै व्यक्तिलाई

सांसदको लागि बन्दसूचीमा नाम राख्ने वा नराख्ने विषय सम्बन्धित राजनैतिक दलको क्षेत्राधिकारभित्र पर्ने हुनाले प्रस्तुत मुद्दामा यस कार्यालयलाई विपक्षी कायम गर्नु तर्कसंगत देखिँदैन। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (४) बमोजिम राजनीतिक दलहरूलाई पत्राचार गरी समानुपातिकतर्फ प्राप्त सिट संख्या बमोजिम उम्मेदवार सिफारिस गर्न भनिएकोमा दलबाट सिफारिस भई आएका उम्मेदवारहरूलाई मुख्य निर्वाचन अधिकृतबाट निर्वाचित घोषणा गरिसकेको र निर्वाचित सांसदहरूले शपथ ग्रहणसमेत गरी कार्य गरिरहेको अवस्थामा हाल आएर विपक्षी कायम गरी रिट दायर गर्नुपर्ने कुनै औचित्य देखिँदैन भन्नेसमेत ब्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

**३.२ संघीय संसद सचिवालयको लिखित जवाफ**

विपक्षी रिट निवेदकले यस सचिवालयलाई विपक्षी बनाउनुको कारण खुलाउन सकेको अवस्था छैन। प्रतिनिधि सभाका ११० समानुपातिक सांसदहरू संविधानको धारा ४२(१) विपरीत निर्वाचित भएको दाबी गरिएकोमा संविधानको धारा १८ र ४२ ले सामाजिक न्यायको हकलाई मौलिक हकको रूपमा स्वीकार गरेको र समानुपातिक समावेशीको सिद्धान्तलाई सामाजिक न्याय र समानताको मुख्य आधार बनाएको छ। संविधानको धारा ४२(१) बमोजिम आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक किसान, श्रमिक उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले बिपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ। जसअनुसार आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका समुदायलाई समानुपातिक सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुने अधिकार रहेको हुन्छ।

संवैधानिक व्यवस्थाको मनसाय प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यसमेतमा पनि जनसंख्याको अनुपातमा कुनै समुदाय वा वर्गको प्रतिनिधित्व प्रत्यक्ष निर्वाचन प्रणालीबाट भइसकेको खण्डमा समानुपातिक प्रणालीबाट समानुपातिक प्रतिनिधित्व नपुगेको समुदायको समानुपातिक प्रणालीबाट प्रतिनिधित्व दिलाउनु हो। संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको सुनिश्चितताको लागि आवश्यक

संवैधानिक प्रबन्ध गरेको छ। नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको सुनिश्चितताको लागि आवश्यक संवैधानिक प्रबन्ध गरिआएको कुरालाई समेत अनदेखा गरी दायर भएको रिट निवेदन जिकिर औचित्यहीन रहेको छ। अतः रिट निवेदन खारेजभागी रहेको र खारेज गरिनुपर्ने भन्ने संघीय संसद सचिवालयको लिखित जवाफ रहेको।

**३.३ नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ**

नेपालको संविधानले संघीय संसद र प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली गरी दुई प्रकारका निर्वाचन प्रणालीलाई अवलम्बन गरेको छ। संविधानको धारा ८४ मा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यको उम्मेदवारको संख्या कायम गर्दा महिला, दलित, आदिवासी जनजाती, खस आर्य, मधेसी, थारु, मुस्लिम र पिछडिएको क्षेत्रलाई जनसंख्याको आधारमा विचार गरी गर्नुपर्ने प्रष्ट संवैधानिक व्यवस्था छ। धारा ८४ ले संघीय संसदलाई समावेशी र प्रतिनिधिमूलक बनाउने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको सन्दर्भमा उक्त व्यवस्था केवल धारा ४२ को कार्यान्वयनको प्रयोजनको लागि मात्र व्यवस्थित गरेको भन्ने निवेदन जिकिर औचित्यहीन छ।

कानून व्याख्याको Harmonious Interpretation सिद्धान्तका आधारमा समेत संविधानका दुवै व्यवस्थालाई जीवन्त बनाउने गरी अर्थ गरिनु पर्ने हुन्छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ मा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवारको बन्दसूची दलले तयार गर्नुपर्ने र सोमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिमसमेतको समावेशी प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था छ। ऐनअनुसार भए गरेको काम कारवाहीलाई अन्यथा भन्न मिल्ने हुँदैन। उक्त संवैधानिक र कानूनी व्यवस्थाअनुसार समानुपातिक तर्फको सांसद निर्वाचित भई शपथ ग्रहणसमेत गरिसकेको हुँदा प्रस्तुत रिट निवेदन जिकिर निरर्थक छ।

सम्वत् २०६० सालको रिट नं. २९१९, निवेदक पियुष वहादुर अमात्य विरुद्ध नेपाल राष्ट्र बैंक, सञ्चालक समिति, बालुवाटार, काठमाडौंसमेत भएको उत्प्रेषण मुद्दामा सम्मानीत अदालतबाट (क) Breach of the principles of Natural justice, (ख) Excess of powers or substantive ultra-virus, (ग) Errors of procedures or procedural ultra-virus, (घ) Errors of law. (ङ) Failure to perform a duty, (च) Bad faith or abuse of power in

the sense of using a power in a meaning other than that contemplated in the enabling statute भनी असाधारण अधिकारक्षेत्र अन्तर्गत आदेश हुने अवस्थाको प्रष्ट सैद्धान्तिक व्याख्या गरिएको छ। असाधारण अधिकारक्षेत्र आकर्षित हुने अवस्थाको सैद्धान्तिक व्याख्या निवेदन जिकिरमा गर्न नसकेको हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

### ३.४ निर्वाचन आयोगको लिखित जवाफ

नेपालको संविधानको धारा ४२ को उपधारा (१) र धारा ८४ को उपधारा (२) मा राजनीतिक दलले समानुपातिक सिद्धान्तको कार्यान्वयन गरी संविधान र समग्र संविधानको मर्म अनुरूप उम्मेदवारी दिनुपर्ने व्यवस्था छ। निर्वाचन आयोगको पूर्ण सहमति रही तद्अनुरूप नै कार्य भएको हुँदा आयोगलाई विपक्षी बनाइएको हदसम्म रिट निवेदन खारेजभागी छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपधारा (१) बमोजिम दलहरूले पेश गरेको बन्दसूचीबाटै समानुपातिक सदस्य नियुक्त हुने हुँदा आयोगलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपधारा (१) अनुसार कानूनबमोजिम दर्ता दलहरूबाट पेश भएको बन्दसूचीलाई नै अन्तिम मान्नुपर्ने हुँदा निर्वाचन आयोगले त्यसमा हस्तक्षेप गर्न मिल्दैन।

दलहरूबाट पेश भएको बन्दसूचीबमोजिम नै निर्वाचन अधिकृतले समानुपातिक सदस्य घोषणा गरेकोले उनीहरूलाई उम्मेदवार बनाई घोषणा गरी शपथ खुवाएको कार्य बदर हुनुपर्ने देखिँदैन। आयोगलाई विपक्षी बनाइएको हदसम्म रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको निर्वाचन आयोगको लिखित जवाफ।

### ३.५ नेपाली काङ्ग्रेस, केन्द्रीय कार्यालयको लिखित जवाफ

प्रस्तुत रिट निवेदनमा समानुपातिक कोटामा सांसद बनाइएकाहरू विरुद्ध दायर गरिएको देखिन्छ, ती सांसदहरू पार्टीको आधिकारिक निकाय र तहगत जिम्मेवारीमार्फत चयन भएका हुन्। निवेदकले उठाएको संविधानको धारा ४२(१) को शर्तको विपरीत वा ऐनमा प्रष्ट व्यवस्था विपरीत नियुक्त भएको अवस्था होइन। संविधानको धारा ८४(२) मा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत दलित, जनजाति, महिला, मधेशी लगायतका प्रत्यक्ष निर्वाचनमा प्रतिनिधित्व गर्न नसक्ने वा अनिच्छुक वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था छ। नेपाली कांग्रेसले यही व्यवस्थाअनुसार सांसदहरू सिफारिस गरेको छ।

रिट निवेदकले उठाएका सम्पूर्ण पक्षहरू कानूनसम्मत छैनन्, खारेजयोग्य छन्। नेपाली कांग्रेसबाट समानुपातिक प्रणालीबाट विजयी सांसदहरू कानूनी दृष्टिले योग्य हुनुहुन्छ। रिट निवेदकले उठाएको विषयमा कानूनी बल छैन। नेपाली कांग्रेसले कुन धारा/व्यवस्था उलंघन गर्यो भनी खुलाउन सकेको छैन। समानुपातिक सिद्धान्तको विधिलाई नेपाली कांग्रेसले स्वीकार गरेकोले रिट निवेदन खारेज योग्य छ भन्नेसमेत ब्यहोराको नेपाली कांग्रेस, केन्द्रीय कार्यालय, ललितपुरको लिखित जवाफ।

**३.६ नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय कार्यालयको लिखित जवाफ**

रिट निवेदकले प्रतिनिधि सभाका समानुपातिक विपक्षी ११० सांसदलाई संविधानको धारा ४२(१) विपरीतको व्यक्ति भनी उत्प्रेषणको आदेशले बदर गरी पुनः छनोट गर्नु भन्ने माग गर्नुभएको छ तर निवेदक स्वयं पनि प्रतिनिधि सभा उम्मेदवार भई दश प्रतिशत भन्दा कम मत प्राप्त गर्नु भएकोले आफूलाई यस विषयमा महत्त्वपूर्ण स्वार्थ रहेको देखिन्छ। यस पार्टीले संविधान र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार नै बन्दसूची तयार गरी सोहीबाट प्राप्त मतका आधारमा क्रमशः उम्मेदवारहरू निर्वाचित घोषणा भएकाले कानूनसम्मत छ। धारा ८४(२) बमोजिम महिला, दलित, आदिवासी, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रको प्रतिनिधित्व गराउनुपर्ने छ। धारा ४२(१) स्वतः आकर्षित हुने हैन, यसको कार्यान्वयन राज्यका अन्य निकायमा गर्नुपर्ने हो। यस पार्टीले धारा ४२(१) समेतलाई ध्यानमा राखी बन्दसूची तयार गरेको थियो। विपक्षीले केही उम्मेदवारको मात्र प्रश्न उठाएका छन्, अन्य राजनीतिक दल र उम्मेदवारको बारेमा केही भनेका छैनन्। यसरी हचुवाको भरमा तथ्यहीन रिट दायर गर्नु औचित्यपूर्ण छैन। नाता सम्बन्ध वा पूर्व पदीय जिम्मेवारी नै कसैलाई अयोग्य बनाउने आधार हुन सक्दैन। यसरी कानूनले उल्लेख नगरेको आधारमा समेत अयोग्य रहेको भन्नु खारेजयोग्य छ। यस पार्टीबाट प्रतिनिधि सभा निर्वाचन ऐन अनुसार नै बन्दसूची पेश भएको थियो, जसमा विपक्षीहरुको कुनै दावी/विरोध परेको छैन। बन्दसूचीको क्रम फेर्ने अधिकार दल वा आयोगलाई छैन। विपक्षीको रिटको माग संविधान र ऐनको विपरीत भएको, तथ्यहीन र हचुवाको भरमा दायर गरिएको हुँदा खारेज गरिपाउँ भन्नेसमेत ब्यहोराको नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय कार्यालयको लिखित जवाफ।

### ३.७ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), केन्द्रीय कार्यालयको लिखित जवाफ

यस नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) श्रमजीवी वर्गको हित गर्ने राजनीतिक संस्था हो। समाजको विकास वर्गसंघर्षको आधारमा हुन्छ भन्ने मान्यता राखिएको छ। मिति २०७९ मंसिर ४ निर्वाचनमा हाम्रो दलले सदर मत आधारमा समानुपातिक सांसद पदमा १४ जना प्राप्त गरेका थियौं। ती १४ जना संविधानको धारा ४२(१) अनुसार सामाजिक रूपले पछाडि परेका महिला, दलित, जनजाति, मधेशी, थारु, अल्पसंख्यक लगायतका बाट छनोट गरिएका हुन्। विपक्षीको रिट निवेदनमा हाम्रो दलले धारा ४२(१) विपरीत सिफारिस गरेको भन्ने निराधार दाबी गरिएको छ। हाम्रो दलले पदको आधारमा होइन, बरु आर्थिक, सामाजिक, भौगोलिक, शैक्षिकरूपले पछाडि परेका समानुपातिक आधारमा उत्पीडित व्यक्तिहरू छनौट गरिएका हुन्। हाम्रो दलले संविधान, ऐन र समावेशी सिद्धान्तको अनुशरण गरिएकाले विपक्षीको रिट निवेदन औचित्यहीन छ। हाम्रो दलको अगुवाईमा शुरु भएको आन्दोलनबाट स्थापित हक अधिकारलाई संविधानको धारा १८ र ४२(१) मा व्यवस्था गरिएको छ। हामीले स्थापित गरेको समावेशी हकप्रति सचेत छौं, हाम्रो कस्तो क्रियाकलापले उल्लंघन भएको हो विपक्षीले खुलाउन सकेका छैनन्। अतः रिट निवेदन खारेजभागी भएको प्रष्ट छ भन्नेसमेत ब्यहोराको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), केन्द्रीय कार्यालय पेरिसडाँडा, काठमाडौंको लिखित जवाफ।

### ३.८ राष्ट्रिय प्रजातन्त्र पार्टी, केन्द्रीय कार्यालयको लिखित जवाफ

विपक्षीले आफ्नो निवेदनमा संविधानको धारा १८(३) र ४२(१) र (२) अन्तर्गतको आफ्नो हक के कसरी हनन् भयो भन्ने खुलाउन सकेका छैनन्। केवल यस पार्टीलाई अनावश्यकरूपमा विपक्षी बनाइएको छ। यस राष्ट्रिय प्रजातन्त्र पार्टीका सदस्यहरू प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ ले योग्यता पुगी ऐ. ऐनको दफा १३ ले अयोग्य नभएको एवं नेपालको संविधान २०७४ को धारा १८, ४२(१) र (२) समेतको आधारमा संविधान र कानूनबमोजिम योग्य भई उम्मेदवार भएका हुन्। समानुपातिक उम्मेदवारहरुको बन्दसूचीमा निजहरुको नाम प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८(५) बमोजिम अनुसूची १ मा उल्लेखित क्लस्टर अनुसार दलित, आदिवासी जनजाती, खस आर्य, मधेसीसमेततर्फ समावेश गरी निर्वाचन आयोगमा पेश गरेकोमा त्यस उपर प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ र निर्वाचन आयोगबाट प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम तोकिएको म्याद भित्र विपक्षी लगायत कसैको दावी

उजुरी परेन। निर्वाचनमा प्राप्त मत आधारमा निजहरू समानुपातिक सांसदमा नियुक्त भएका हुन्, जुन संविधान र कानूनसम्मत छ। निजहरूले प्रमाणपत्र प्राप्त गरी शपथ ग्रहण गरिसकेका छन्। यसरी निर्वाचन आयोगबाट भएका कार्यहरू संविधान र कानूनअनुकूल नै छन्। यस पार्टीले संविधान र कानूनको पूर्ण पालना गरेको हुँदा विपक्षीको रिट निवेदन खारेजयोग्य छ भन्नेसमेत व्यहोराको राष्ट्रिय प्रजातन्त्र पार्टीको लिखित जवाफ।

**३.९ जनता समाजवादी पार्टी, केन्द्रीय कार्यालयको लिखित जवाफ**

निवेदकले संविधानको धारा ४२(१) विपरीत राजनीतिक दलहरूले गत निर्वाचनमा समानुपातिक सांसदको नाम सिफारिस गरेको र निर्वाचन आयोगले पनि विजयी घोषणा गरेको भनी उठान गरेका छन्। तर संविधानको धारा ४२(५) ले देशका विभिन्न आन्दोलन र संघर्षका क्रममा योगदान पुऱ्याउनेहरूलाई पनि सम्मान र अवसर दिने व्यवस्था गरेको छ। राणा शासन र पञ्चायती राजतन्त्र विरुद्धका आन्दोलनकर्ताहरूको योगदानलाई पनि कदर गर्नुपर्छ। एकपटक देशको निम्ति लडेका व्यक्तिको योगदान र बलिदानलाई पुरानो ठान्नु उचित हुँदैन। यी पक्षहरूलाई मध्यनजर गरेर नै दलहरूले समानुपातिक सांसदको चयन गरी सिफारिस गरेका हुन्छन्। दलहरूले संवैधानिक र कानूनी व्यवस्थाअनुसार समावेशी बनाउने प्रयास गरेका छन् भन्नेसमेत व्यहोराको जनता समाजवादी पार्टी नेपाल, केन्द्रीय कार्यालय, बालकुमारी, ललितपुरको लिखित जवाफ।

**३.१० उपसभामुख इन्दिरा रानाको लिखित जवाफ**

म आदिवासी जनजाती समुदायको महिला हुँ। नेपालको संविर्धान, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा समानुपातिक निर्वाचन प्रणालीको मूल्य मान्यता बमोजिम नै दलले प्राप्त गरेको मतको आधारमा म प्रतिनिधि सभामा निर्वाचित भएको हुँ। निवेदकको माग बमोजिम आदेश भएमा प्रतिनिधि सभा तथा सभाका विभिन्न समितिले आफ्नो कार्य प्रारम्भ गर्न नपाउने तथा निर्वाचन मार्फत सार्वभौमसत्ता सम्पन्न जनताले दिएको मतको अवमूल्यन हुने हुन्छ। संविधानको धारा ४२ मा सामाजिक न्यायको हक सम्बन्धी व्यवस्था छ। यस धारा बमोजिम सामाजिक न्यायको हक प्राप्ति गर्न तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन संविधान तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिमको समानुपातिक निर्वाचन प्रणालीले कहिकतै अवरोध पुऱ्याएको देखिदैन। नेपालको संविधानको धारा ४२ को उपधारा (१) को संवैधानिक व्यवस्थाको मनसाय प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य समेतमा पनि जनसंख्याको

अनुपातमा कुनै समुदाय वा वर्गको प्रतिनिधित्व प्रत्यक्ष निर्वाचन प्रणालीबाट भइसकेको खण्डमा समानुपातिक प्रणालीबाट समानुपातिक प्रतिनिधित्व नपुगेको समुदायको प्रतिनिधित्व समानुपातिक समावेशी सिद्धान्तका आधारमा व्यवस्थापन गर्नु हो। जनसंख्याको अनुपातमा समुदायको प्रतिनिधित्व प्रत्यक्ष निर्वाचनबाट भइसकेको अवस्थामा समानुपातिक प्रणालीबाट बाँकी समुदायको प्रतिनिधित्व समानुपातिक समावेशी सिद्धान्तका आधारमा व्यवस्थापन गर्ने संविधानको मनसाय रहेको छ। नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको सुनिश्चितताको लागि आवश्यक संवैधानिक प्रबन्ध गरिआएको हुँदा रिट निवेदनको औचित्य नरहेको हुनाले रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने प्रतिनिधि सभाकी उपसभामुख समेत रहेकी इन्दिरा रानाको लिखित जवाफ।

**३.११ प्रतिनिधि सभा सदस्य गिता बस्नेत, विना लामा, बीना जैसवाल र अनिशा नेपालीको लिखित जवाफ**

विपक्षीले आफ्नो निवेदनमा संविधानको धारा १८(३), ४२(१) र (२) अन्तर्गतको आफ्नो हक के कसरी हनन् भयो? भनी स्पष्ट खुलाउन सकेका छैनन्। उनीहरूले हामीलाई अनावश्यक रूपमा विपक्षी बनाएका छन्। हामी राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता हौं। म गिता बस्नेत द्वन्दकालमा विद्रोहीबाट घरवार बिहीन खस आर्य महिला हुँ, म विना लामा आदिवासी जनजाती हुँ, म विना जैसवाल मधेशी हुँ र म अनिसा नेपाली दलित महिला हुँ। हामी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन र संविधानबमोजिम उम्मेदवार हुन योग्य छौं। राष्ट्रिय प्रजातन्त्र पार्टीको सिफारिसअनुसार निर्वाचन आयोगबाट प्रकाशित निर्वाचन कार्यक्रमअनुसार हामीहरूको नाम बन्दसूचीमा समावेश भयो। निर्वाचनमा पार्टीले प्राप्त गरेको मत आधारमा निर्वाचन आयोगले हामीलाई समानुपातिक सांसदमा निर्वाचित घोषणा गर्यो। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ र निर्वाचन आयोगबाट प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम तोकिएको म्याद भित्र विपक्षी लगायत कसैको दावी उजुरी परेन। हामीले प्रमाणपत्र प्राप्त गरी शपथ ग्रहण गरेर काम गरिरहेका छौं। यसरी हाम्रो नियुक्ति र कार्यहरू संविधान र कानूनअनुकूल नै छन्। विपक्षीको रिट निवेदन संविधान र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनको विपरीत भएकोले खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गिता बस्नेत, बिना लामा, बिना जैसवाल र अनिसा नेपालको लिखित जवाफ।

३.१२ प्रतिनिधि सभा सदस्य गोमा लाभ (सापकोटा), सोनु मुर्मु, विनिता कुमारी सिंह, अनिता देवी र अब्दुल खांनको लिखित जवाफ

हामी जनमत पार्टीका प्रतिनिधित्व गर्दछौं, जसले निर्वाचनमा ३% भन्दा बढी मत प्राप्त गरी राष्ट्रिय दलको मान्यता पायो। समानुपातिकतर्फ पार्टीले ५ सिट प्राप्त गर्यो। हामी विभिन्न समावेशी समूहबाट निर्वाचित भएका हौं - अनिता देवी मधेशी, सोनु मुर्मु र विनिता सिंह आदिवासी जनजाति, अब्दुल खान मुस्लिम र म गोमा लामा खस आर्य समूहबाट। नेपालको संविधानको धारा ८७, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ बमोजिम सदस्य हुन योग्य र ऐन नियामावलीले तोकेको मापदण्ड पुरा गरी समानुपातिकतर्फको सदस्यको नामावली सिफारिस गरेको हो। हामी संविधान र प्रतिनिधि सभा निर्वाचन ऐन अनुसार योग्य छौं। पार्टीले समानुपातिक सिद्धान्तअनुरूप नै हामीलाई सिफारिस गरेको हो। हामी संविधानको धारा ४२(१) अनुरूप आर्थिक, सामाजिक वा शैक्षिकरूपले पछाडि परेका समुदायका वास्तविक प्रतिनिधि हौं। हामीलाई प्रत्यर्थी बनाउनु निराधार छ। हामी पहिलो पटक निर्वाचित भएका नयाँ व्यक्ति हौं, पहिले राज्यको कुनै लाभ लिएका छैनौं। रिट निवेदकले हामी कुन वर्गको प्रतिनिधित्व गर्छौं भनी उल्लेख गर्न सकेका छैनन् भन्ने समेत बेहोराको गोमा लाभ (सापकोटा), सोनु मुर्मु, विनिता कुमारी सिंह, अनिता देवी र अब्दुल खानको लिखित जवाफ।

३.१३ प्रतिनिधिसभा सदस्य बुद्धिमान तामाङ र रोसन कार्कीको लिखित जवाफ

म बुद्धिमान तामाङ आदिवासी जनजाती क्लस्टरबाट र म रोशन कार्की खस आर्य क्लस्टरबाट राष्ट्रिय प्रजातन्त्र पार्टीको सिफारिसअनुसार निर्वाचन आयोगमार्फत प्रकाशित कार्यतालिकाबमोजिम समानुपातिक उम्मेदवार बनी निर्वाचित भएका हौं। सिफारिस भएका उम्मेदवारहरुलाई निर्वाचित घोषणा गर्ने पूर्ण क्षेत्राधिकार (Exclusive Jurisdiction) निर्वाचन आयोगको हो। नेपालको संविधान र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ र ६० तथा अनुसूची १ र २ अनुसार हामीलाई क्रमशः आदिवासी जनजाति २८.७% र खस आर्य ३१.२% क्लस्टरतर्फबाट समावेश गरिएको थियो। राष्ट्रिय प्रजातन्त्र पार्टीले हामीहरूको नाम बन्दसूचीमा समावेश गरी निर्वाचन आयोगमा पेश गरेको थियो। उक्त बन्दसूचीमा हामीहरूको नाम समावेश भएकोमा ऐनको दफा २९ अनुसार निर्वाचन आयोगले तोकेको म्यादभित्र रिट निवेदक लगायत कसैको पनि दावी/उजुरी परेन। २०७९ को संसदीय निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीले प्राप्त गरेको मत आधारमा निर्वाचन आयोगले

हामीलाई प्रतिनिधि सभा समानुपातिकतर्फको सदस्य पदमा निर्वाचित घोषणा गर्यो। हामीले प्रमाणपत्र प्राप्त गरी शपथ लिएर कार्य गरिरहेका छौं। हाम्रो नियुक्ति र कार्यहरू संविधान र कानूनअनुकूल नै छन्। रिट निवेदन संविधान, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ र निर्वाचन प्रक्रियाविपरीत छ भन्ने समेत बेहोराको बुद्धिमान तामाङ र रोसन कार्कीको लिखित जवाफ।

**३.१४ प्रतिनिधिसभा सदस्य पशुपति शमशेर ज.ब.रा.को लिखित जवाफ**

म खस आर्य पुरुष समूहबाट राष्ट्रिय प्रजातन्त्र पार्टीको सिफारिसअनुसार संविधान, प्रतिनिधि सभा निर्वाचन ऐन, २०७४ र निर्वाचन आयोगको कार्यतालिकाबमोजिम योग्य भई २०७९ सालमा समानुपातिक उम्मेदवार बन्दसूचीमा समावेश भएँ। आयोगबाट तोकिएको म्यादभित्र मेरो उम्मेदवारीविरुद्ध कसैको पनि दावी/उजुरी परेन। निर्वाचनमा पार्टीले प्राप्त मत आधारमा आयोगले मलाई समानुपातिक सांसदमा निर्वाचित घोषणा गर्यो। म प्रमाणपत्र प्राप्त गरी शपथ लिएर काम गरिरहेको छु। निवेदकले धनी, शिक्षित वा पूर्वमन्त्री भएकोले समानुपातिकमा आउन नपाउने भन्नुभएको छ तर यस्तो कुनै आधार कानूनमा छैन। धेरै पूर्वमन्त्री/सांसदहरू पनि पहिले समानुपातिकबाटै निर्वाचित भइसकेका छन्। मेरो नियुक्ति र काम संविधान र कानूनअनुकूल छ। विपक्षीले मलाई अनावश्यकरूपले विपक्षी बनाएका हुनाले उनीहरूको रिट निवेदन खारेजयोग्य छ। निवेदकलाई संविधानको धारा ८७(१) बाहेकको संवैधानिक र कानूनी प्रश्न उठाउने हक रहदैन। असंवैधानिक, गैरकानूनी र औचित्यहीन रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको पशुपति शमशेर ज.ब.रा.को लिखित जवाफ।

**३.१५ प्रतिनिधिसभा सदस्य रघूजी पन्त, एकनाथ ढकाल, दयाल बहादुर शाही, मेनका कुमारी पोखेल, सरिता भुसाल, शोभा ज्ञवाली, विजुला रायमाझी, निर्मला कोइराला, सम्झना थपलिया, दिपा शर्मा, देवि प्रकाश भट्टचन, हेमराज राई, कालुराम राई, नैनकला थापा, सुर्य कुमारी श्रेष्ठ, उर्मिला थेवे, इश्वरी घर्ती, रण कुमारी वलम्पाकी मगर, शान्ती श्रेष्ठ, सरस्वती सुब्बा, गंगा प्रसाद यादव, अमृत लाल राजवंशी, बिना देवी, अमृता देवी अग्रहरी, प्रतिक्षा तिवारी, इश्वर बहादुर रिजाल, प्रभु हजरा दुसाध, चन्द्र बहादुर विश्वकर्मा, रुक्मणी राना बराइली, हर्कमाया विश्वकर्मा, अस्मा कुमारी चौधरी, सान्ती चौधरी र सराज अहमद फारुकीको लिखित जवाफ**

निवेदनले केही राजनैतिक दलका केही सदस्यको विषयमा प्रश्न उठाउनु भएको रहेछ। अन्य राजनैतिक दल र अन्य उम्मेदवारको बारेमा कुनै कुरा उल्लेख छैन। तर

समानुपातिकतर्फका सबै निर्वाचित सदस्यहरुलाई विपक्षी बनाएको पाइन्छ। यसरी हचुवाको भरमा रिट निवेदन दायर गर्नु कानून व्यवसायीको लागि सुहाउने कुरा हैन। निवेदकले प्रदेशतर्फको समानुपातिक निर्वाचन प्रणालीका बारेमा प्रश्न उठाउनुभएको छैन। एउटै प्रक्रियाबाट प्रदेश सभातर्फ सिफारिस तथा निर्वाचित घोषणा गरिएका प्रतिनिधिहरुलाई निवेदकले स्वीकार गर्नुभएको छ। निवेदक स्वयं प्रतिनिधि सभामा उम्मेदवार भई दश प्रतिशतभन्दा कम मत प्राप्त गर्नुभएकोले यस निवेदनमा निवेदक बालकृष्ण नेउपानेको स्वार्थ रहेको देखिन्छ। उनले समानुपातिक सूचीको क्रमशलाई नै अस्वीकार गरी निर्वाचित घोषित गर्न माग गरेका छन्।

नातासम्बन्ध, पूर्वपद वा व्यवसाय नै अयोग्यताको आधार हुन सक्दैन। उम्मेदवारको योग्यता र अयोग्यताको सम्बन्धमा नेपालको संविधानको धारा ८४(२) र ८७ तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५, १२, १३, २३ र २८ मा स्पष्ट रहेको अवस्थामा रिट निवेदन उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्थासमेतको प्रतिकूल छ। योग्यता र अयोग्यता संविधान र कानूनमा नै उल्लेख छन्। हामीलाई बन्दसूचीमा समावेश गर्दा ती आधार पुरा भएका थिए। प्रतिनिधि सभा निर्वाचन ऐन, २०७४ को दफा २९ बमोजिम उम्मेदवारको बन्दसूची उपर आयोगले दावी/विरोधको मौका दिदा विपक्षीहरु समेत कसैको दावी/विरोध परेको अवस्था छैन। दफा ३० अनुसार यस्तो सूची पाँच वर्षसम्म कायम हुने व्यवस्था छ। सो सूची प्रकाशन गर्ने पाँच वर्षसम्म कायम रहने लगायतको कानूनहरुलाई संविधान विपरीत भनी घोषणा माग गरेको अवस्था छैन। हामीलाई कानून र प्रक्रियाअनुसार नै बन्दसूचीमा समावेश गरिएको थियो र आयोगले समय दिंदासमेत कसैको पनि दावी/उजुरी परेन। हामी संविधान र कानूनको परिधिभित्रै रहेर निर्वाचित भएका हौं।

विपक्षीको मागदावी संविधान र ऐनविपरीत छ। निवेदकले कुन उम्मेदवारलाई निर्वाचित घोषित गर्नुपर्ने हो भन्नेसमेत उल्लेख गरेका छैनन्। जनतासंग हामीलाई मत माग्ने अधिकार थियो र मतदाताले हामीलाई अनुमोदन गरिसकेका छन्। संविधानको मूल मर्म समाजलाई सक्षम र समृद्ध बनाउनु हो। विपक्षीको दाबी मान्दा जनतालाई आर्थिक, सामाजिक र शैक्षिक रूपले पछाडि पार्नुपर्ने अवस्था आउँछ।

अतः विपक्षीको रिटको माग नै नेपालको संविधानको धारा ८४ तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५, १२, १३, २३, २८, २९ तथा ३० विपरीतको

मागदावी भएको, ती कानून बदरको माग नभएको, बन्दसूची बदरको माग नभएको, कुन उम्मेदवारलाई निर्वाचित घोषित गर्नुपर्ने हो भन्ने उल्लेख नभएको, रिट निवेदनमा हचुवाको भरमा तथ्यहीन कुरा उल्लेख भएकोसमेत आधारमा सफा हात नलिई रिट निवेदन दायर गरेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध छ भन्नेसमेत ब्यहोराको प्रतिनिधि सभा समानुपातिक सदस्यहरु रघुजी पन्तसमेतको लिखित जवाफ।

**३.१६ प्रतिनिधिसभा सदस्य हितराज पाण्डे, ज्ञानु बस्नेत सुवेदी, बिमला सुवेदी, नारायणी शर्मा, दुर्गा राई, मिना तामाङ, उर्मिला माझी, छिरिङ ल्हामु लामा (तामाङ), मिना यादव, उमरावती देवी, रणेन्द्र वराली, सुशिला सिर्पाली ठकुरी, रुपा सो.शी (चौधरी) र कल्पना मियाँ कुसारीको लिखित जवाफ**

हामी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) निर्वाचित छौं, जुन श्रमजीवी वर्गको हित गर्ने र वर्गसंघर्षको सिद्धान्तलाई समांज विकासको आधार मान्ने पार्टी हो। हाम्रो रणनीतिक लक्ष्य समाजवादी क्रान्ति गरी समाजवादको निर्माण गर्नु हो।

हाम्रो पार्टीले २०७९ को निर्वाचनमा राष्ट्रिय पार्टीको रूपमा भाग लियो र ११० समानुपातिक सांसदमध्ये १४ जना प्राप्त गर्यो। हामी ती १४ जना संविधानको धारा ४२(१) अनुसार आर्थिक, सामाजिक वा शैक्षिकरूपले पछाडि परेका महिला, दलित, जनजाति, मधेशी, थारू, मुस्लिम, अल्पसंख्यक आदि समुदायका प्रतिनिधि हौं।

विपक्षीले हामीमध्ये कसैलाई पनि पूर्वमन्त्री, सांसदको नातेदार वा व्यापारी घरानाका भन्न सकेका छैनन्। हामी त्यस्ता व्यक्ति होइनौं। हाम्रो पार्टीले संविधान, ऐन र समानुपातिक सिद्धान्तअनुसार नै हामीलाई उम्मेदवार बनाएको हो। नेपाली जनताको आन्दोलनबाट प्राप्त समावेशी हकलाई हाम्रो पार्टीले सही रूपमा अंगीकार गरेको छ।

विपक्षीले हाम्रो पार्टीले के गल्ती गर्यो भन्न सकेका छैनन्। निराधार, प्रमाण हचुवाको भरमा दायर गरेको रिट निवेदन संविधानको धारा १८ र ४२(१) विपरीत भई खारेजभागी छ भन्नेसमेत ब्यहोराको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को समानुतिकतर्फका प्रतिनिधि सभा सदस्यहरु हितराज पाण्डे समेतको लिखित जवाफ।

**३.१७ प्रतिनिधिसभा सदस्य डोल प्रसाद अर्याल, चन्दा कार्की (भण्डारी), निशा डागी, सुमना श्रेष्ठ, मनिष झा, लक्ष्मी तिवारी, सन्तोष परियार, शिव नेपाली, अशोक कुमार चौधरी र असिम शाहको लिखित जवाफ**

निवेदकले संविधानको धारा ४२ लाई आधार बनाएर समानुपातिक उम्मेदवारको छनोटमाथि प्रश्न उठाएका छन् तर धारा ४२ सामाजिक न्यायको हक सम्बन्धी व्यवस्था मात्र हो। समानुपातिक निर्वाचनको विशेष व्यवस्था धारा ८४(२) मा छ। धारा ८४(२) ले विविध समुदायको राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखेको छ। हाम्रो पार्टीले यसको सदुपयोग गर्न प्रयास गरेको छ। सामाजिक न्यायको समान अवसरको विषय भन्नु र राजनैतिक प्रतिनिधत्वको अवसर भन्नु अलग विषय हो भन्ने कुरा संविधानमा नै छुट्टाछुट्टै भाग र धारा पृथक गरी उल्लेख गरेको अवस्था हो।

निवेदकले हाम्रा केही सांसदहरूलाई धनी, शिक्षित वा व्यवसायी भएकोले समानुपातिकमा आउन नहुने भनेका छन् तर यस्तो कुनै व्यवस्था संविधान र कानूनमा छैन। संविधान र यसका प्रावधानहरुको असल नियतका साथ प्रयोग र पालना (Good Faith Enforce and Compliance of the Constitution) गर्नु सबै राजनतिक दलको कर्तव्य र दायित्व हो। राष्ट्रिय स्वतन्त्र पार्टी यो कुराको इमान्दार र असल नियतका साथ पालना गर्न प्रतिबद्ध छ।

हामीलाई व्यक्तिगत पेशा वा व्यवसायको आधारमा होइन बरु समुदायको प्रतिनिधित्वको आधारमा नै उम्मेदवार बनाइएको हो। संविधानले यसलाई बन्देज लगाएको छैन। हामी आफ्नो समुदायभित्रका विभिन्न पेशा र अनुभवबाट आएका व्यक्तिहरू हौं। हाम्रो योग्यतामा कुनै संविधानिक वा कानूनी आधार छैन। हामीलाई कानून र प्रक्रियाअनुसार नै बन्दसूचीमा समावेश गरिएको थियो। हामी संविधान र कानूनको परिधिभित्रै रहेर निर्वाचित भएका हौं। विपक्षीको रिट निवेदन खारेजयोग्य छ भन्नेसमेत व्यहोराको राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिक प्रतिनिधि सभा सदस्यहरु डोलप्रसाद अर्याल समेतको लिखित जवाफ।

३.१८ **प्रतिनिधिसभा सदस्य प्रकाश शरण महत, अम्बिका बस्नेत, सरिता प्रसाई, आरजु राणा, ईश्वरी देवी न्यौपाने, प्रतिमा गौतम, मन्जु खांण, रमा कोईराला, कान्तिका सेजुवाल, मैना कार्की, सरस्वती वजिमय, लिला देवी वोखिम लिम्बु, सिता कुमारी राणा, सुशिला थिङ, सपना राजभण्डारी, माया राई, कुसुमदेवी थापा, मनोरमा शेरचन, अन्जनी श्रेष्ठ, विमलेन्द्र निधी, नागिना यादव, मुक्ता कुमारी यादव, चन्दा चौधरी, संगीता मण्डल धानुक, जीवन परियार, शान्ती वि.क., रुपा वि.क. सिता मिजार, आशा वि.क., कल्पना चौधरी, विना कुमारी थनैत र जावेदा खातुन जागाको लिखित जवाफ**

निवेदक आफैं एक राजनीतिक दलबाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार भई निर्वाचनमा भाग लिएका र पराजित भएका व्यक्ति हुन्। संविधान तथा प्रचलित कानून बमोजिम स्वतन्त्र र निष्पक्ष निर्वाचनमा भाग लिई स्वीकार गरिसकेपछि त्यसैबाट निर्वाचित भएका अन्य व्यक्तिहरूका विरुद्धमा सार्वजनिक हित वा सरोकारको विषय भनी रिट निवेदन दायर गर्नु तथा निवेदकको व्यक्तिगत पराजयको विषयलाई सार्वजनिक सरोकारको विषय बनाउन खोज्नु निवेदकको गैरजिम्मेवारीपन देखाउँछ। प्रस्तुत विषयमा निवेदक स्वयम् पनि विवन्धित भइसकेको अवस्था छ। निवेदकको यस विषयमा कानूनी हकदैया (Locus Standi) नै छैन। अदालतको अमूल्य समय र स्रोतको दुरूपयोग हुन नदिन पनि यस्ता हकदैया विहीन र खारेजभागी रिट निवेदन सर्वप्रथम हेर्दा (Prima facie) नै खारेज गर्नु उपयुक्त हुन्छ।

धारा ८४(२) ले प्रतिनिधि सभाको गठनको व्यवस्था गरेको छ र यो राजनीतिक विषय हो। धारा ४२(१) सामाजिक न्यायको हकसँग सम्बन्धित हो र यो आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसँग सम्बन्धित छ। दुई धारा फरक फरक विषयसँग सम्बन्धित भएकाले धारा ८४(२) लाई धारा ४२(१) सँग जोडेर हेर्न मिल्दैन। राज्यको कानून निर्माण गर्ने निकायमा जनताको पिरमर्का र समाजलाई प्रत्यक्ष रूपमा बुझेको व्यक्ति जरूरत पर्ने भएकोले योग्यता, क्षमता र औचित्यताको आधारमा सामाजिक न्याय सुनिश्चित गर्नु नै संविधानको उल्लेखित व्यवस्थाको मूल मर्म भएकोले नेपाली कांग्रेस पार्टीबाट योग्यता, क्षमता र औचित्यताको आधारमा नै प्रचलित नेपालको संविधान र कानूनको व्यवस्थाको प्रतिकूल नहुने गरी उम्मेदवारको बन्दसूचीमा नाम समावेश गरेको र सोही सूचीको प्राथमिकताको आधारमा हामी प्रतिनिधि सभा सदस्य निर्वाचित भएको र हामी निर्वाचित भएका कारणले विपक्षीको कुनै पनि संवैधानिक तथा कानूनी हक अधिकारबाट बन्चित नभएकोले रिट निवेदन खारेजभागी छ।

कुनै कानूनको दुई वा दुई भन्दा बढी प्रावधानको व्याख्या गर्दा फरक फरक अर्थ आउछन् भने त्यस्तो अवस्थामा Generalla specialibus non derogant को सिद्धान्त अनुसार व्याख्या गरिनु पर्दछ भन्ने व्याख्याको नियम रहेको छ। धारा ४२(१) "सामान्य" धारा हो भने धारा ८४(२) विशेष धारा हो। धारा ४२(१) व्यापक रुपले नेपाल राज्यको निकायमा सहभागिताको सन्दर्भमा लागु हुन्छ भने धारा ८४ राज्यको निकायहरु मध्ये पनि प्रतिनिधि सभामा प्रतिनिधित्वको सन्दर्भमा लागु हुन्छ। तसर्थ प्रतिनिधि सभा गठनको सन्दर्भमा धारा

४२(१) लाई नभई धारा ८४(२) लाई महत्व दिनु पर्दछ। साथै नेपालको संविधानको धारा ८४(२) र ४२(१) लाई सामजस्यपूर्ण अर्थ निस्कने व्याख्या गर्दा पनि धारा ८४(२), ४२(१) को विपरीत नरहेकोले प्रतिनिधि सभामा समानुपातिक प्रणाली अन्तर्गत प्रतिनिधित्व गर्ने ११० सांसदलाई निर्वाचन मार्फत चयन गरिएको विषयलाई असंवैधानिक भन्न मिल्दैन भन्नेसमेत ब्यहोराको प्रतिनिधि सभा सदस्यहरु प्रकाश शरण महतसमेतको लिखित जवाफ।

**३.१९ प्रतिनिधिसभा सदस्य सुनिता बरालको लिखित जवाफ**

रिट निवेदक स्वयं प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवार भई पराजित भएको हुनाले हारेको आक्रोशमा अन्य विजयी उम्मेदवारहरू प्रति आरिस्याइँ गरी यो रिट दिएको हो। समानुपातिक उम्मेदवारहरूको बन्दसूचीसँग निवेदकको विमती छैन, केवल बन्दसूचीको क्रमलाई मान्न नचाहेको देखिन्छ। नेकपा एमालेको उम्मेदवार बन्दसूची संविधान र कानून अनुरूप नै तयार भएकोले रिट खारेजभागी छ। नेपालको संविधानको धारा ८४(२) र ४२(१) को व्यवस्था फरक फरक प्रयोजनका लागि हुन्। धारा ४२(१) स्वतः धारा ८४(२) मा आकर्षित हुने होइन। उम्मेदवारहरू आफ्नो योग्यताका आधारमा छानिएका हुन्, नाता सम्बन्ध वा पूर्व पदका आधारमा होइन। रिट निवेदकले उम्मेदवारमाथि तथ्यहीन आरोप लगाई अदालतको ध्यान आकर्षित गराउन खोजेको स्पष्ट हुन्छ। उम्मेदवारहरूमाथि औंल्याइएको अयोग्यता संविधान र कानूनले परिकल्पना गरेको छैन। न्यायालयबाट पटक पटक स्थापित सिद्धान्त विपरीत बौद्धिक विलासिताका लागि यो रिट दायर गरिएको हुनाले खारेज गरिपाऊँ भन्नेसमेत ब्यहोराको प्रतिनिधि सभा सदस्य सुनिता बरालको लिखित जवाफ।

**३.२० प्रतिनिधिसभा सदस्य प्रकाश अधिकारी, रेखा यादव, सुशीला श्रेष्ठ र रन्जु कुमारी झाको लिखित जवाफ**

जनता समाजवादी पार्टी देशमा विद्यमान विभिन्न विभेद र शोषणलाई अन्त्य गरी समतामूलक समाज निर्माणका लागि प्रतिबद्ध राजनीतिक पार्टी भएको र यसका संघीय संसदहरुलाई रिट निवेदकले विपक्षी बनाउनुको कुनै औचित्य छैन। नेपालको संविधानको धारा ४२(५) ले विभिन्न जनआन्दोलन र संघर्षमा योगदान पुऱ्याएका व्यक्ति वा तिनका परिवारलाई विशेष अवसर प्रदान गर्ने व्यवस्था गरेको छ। यसैले पुराना योद्धा, घाइते वा तिनका परिवारका सदस्यहरू आजसम्म पनि आर्थिक सामाजिक रूपमा पछाडि परेका छन् र उनीहरूको योगदानको कदर आवश्यक छ। यी पक्षहरूलाई मध्यनजर गरी समानुपातिक सांसदहरूको चयन गरिएको हो।

संसदमा जनआकांक्षा बोल्ने र कानून बनाउन सक्षम व्यक्तिको आवश्यकता पर्दछ। दलहरूले संवैधानिक र कानूनी व्यवस्था अनुरूप बढी समावेशी बनाउन प्रयास गरेका छन्। विपक्षी रिट निवेदकले राजनीतिक संघर्ष र जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई हल्का र सतही रूपमा लिएर आधारहीन र औचित्यहीन रिट दायर गरेकाले यो रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको प्रकाश अधिकारी समेतको लिखित जवाफ।

४. **पद रिक्त सम्बन्धी संघीय संसद सचिवालयको पत्रः**

तत्कालिन प्रतिनिधि सभा सदस्य ढाका कुमार श्रेष्ठको प्रतिनिधि सभा सदस्यको पद राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३६ को उपदफा (१) बमोजिम रिक्त भएको भन्ने बेहोराको च.नं. ०८ मिति २०८०/०४/२२ को पत्र तथा प्रतिनिधि सभाका तत्कालिन सदस्य शहनाज रहमानको मिति २०७९/११/१३ मा निधन भएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम प्रतिनिधि सभा सदस्यको पद रिक्त भएको भन्ने बेहोराको च.नं. १९ मिति २०८०/०५/११ को पत्र मिसिल सामेल रहेको।

राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र प्रतिनिधि सभा सदस्य बिनिता कठायतका नाममा यस अदालतबाट जारी भएको म्याद सूचना रितपूर्वक तामेल भएकोमा लिखित जवाफ प्राप्त हुन नआएको।

## यस अदालतको आदेश

१. नियमबमोजिम इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदनसहितको मिसिल कागजात अध्ययन गरी हेरी निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा विद्वान अधिवक्ताहरु, प्रत्यर्थीहरुका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधीवक्ताहरु, विद्वान वरिष्ठ अधिवक्ताहरु तथा विद्वान अधिवक्ताहरुले गर्नुभएको तर्कपूर्ण बहससमेत सुनियो।

१.१. निवेदकहरुका तर्फबाट निवेदक विद्वान वरिष्ठ अधिवक्ता श्री बालकृष्ण नेउपाने तथा विद्वान अधिवक्ताद्वय श्री अन्जन नेउपाने र श्री रविन शर्माले नेपालको संविधानले प्रगतिशील संवैधानिक विधिशास्त्रलाई अनुशरण गर्दछ, जसले मौलिक अधिकारसँगै सामाजिक न्याय र समानताका लागि सकारात्मक विभेदलाई समेत महत्व दिएको छ। संविधानको मूल उद्देश्य आर्थिक समानता, सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्नु हो। जसका लागि राज्यले सकारात्मक विभेद गर्दा जातभन्दा वर्ग वा वर्गियतालाई आधार मान्नुपर्छ र आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले सबैभन्दा

पिछडिएका समुदायलाई लक्षित गर्नुपर्छ। संविधानको धारा ८४(२) ले संसदमा समावेशीताका लागि समानुपातिक निर्वाचन प्रणाली अंगीकार गरेको छ। यो धारा धारा १८ र ४२ सँग अन्तरसम्बन्धित छ र यसलाई सामाजिक न्यायको सिद्धान्तबाट अलग गरी व्याख्या गर्न मिल्दैन। यसले जातको आधारमा कोटा छुट्याएको होइन, बरू मौलिक हकको धारा १८ र ४२ अनुरूप पिछडिएका समुदायको समावेशीताका लागि समानुपातिकता लिएको हो। तर विभिन्न राजनीतिक दलहरूले उच्च आर्थिक र सामाजिक हैसियतका व्यक्तिहरू जस्तै पूर्व मन्त्री, सांसदका नातेदार आदिलाई समानुपातिक उम्मेदवार बनाई निर्वाचित गराएर संविधानको उद्देश्यको प्रतिकुल कदम चालेका छन् जुन संविधानको उद्देश्य विपरीत छ। विभेदसम्बन्धी विषयमा अन्य मुलुकहरूले प्रयोग गरेका narrowly tailored, proportionality जस्ता मापदण्डहरू नेपालमा पनि लागू गर्नुपर्छ। तर विपक्षी राजनीतिक दल र निर्वाचन आयोगले यस्तो मापदण्डहरु अपनाएका छैनन्। उनीहरूको कार्यले विभेदलाई बढावा मात्र दिएको छ। यसर्थ निर्वाचित ११० सांसदहरूको योग्यता र निर्वाचन घोषणालाई बदर गरी संविधानको मर्म अनुरूप आर्थिक, सामाजिक र शैक्षिक रूपले पछाडि परेकाहरुलाई विजयी घोषणा गरिनुपर्छ भनी बहस गर्नुभयो।

१.२. प्रत्यर्थी मध्येका नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय संसद सचिवालय र निर्वाचन आयोगका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ताद्वय श्री खेमराज ज्ञवाली र श्री गोविन्दप्रसाद खनालले संविधान तथा सम्बद्ध कानूनी व्यवस्थाहरूको अधीनमा रही समानुपातिक निर्वाचन प्रक्रिया सम्पन्न गरिएको हो। निर्वाचन आयोगलाई दलहरूको बन्दसूचीमा हस्तक्षेप गर्ने अधिकार प्राप्त छैन। निर्वाचन आयोगले राजनीतिक दलबाटै प्रस्तुत बन्दसूचीलाई नै आधार मानी समानुपातिक सदस्यहरूको घोषणा गर्नुपर्छ। रिट निवेदकहरूले असाधारण अधिकारक्षेत्रको आह्वान गर्ने यथोचित आधारहरु स्थापित गर्न सकेका छैनन्। संविधानको धारा ८४(२) र ४२(१) को प्रावधान अनुरूप निर्वाचन सम्पन्न भएकोले निवेदकहरूको जिकिर निरर्थक छ। संविधान र ऐनको समन्वयपूर्ण व्याख्या गरिनुपर्ने Harmonious Interpretation सिद्धान्तअनुसार दुवै व्यवस्थालाई समानरूपमा कार्यान्वयन हुनेगरी अर्थ गरिनुपर्छ। धारा ८४(२) ले संघीय संसदलाई समावेशी र प्रतिनिधिमूलक बनाउने उद्देश्य राखेको छ। यसलाई केवल धारा ४२

को कार्यान्वयनको रूपमा मात्र विचार गर्न मिल्दैन। तसर्थ, प्रत्यर्थीहरूले संविधान र कानूनको परिधिभित्र रही कार्य सम्पादन गरेका र निवेदनको विषयवस्तुमा असाधारण अधिकारक्षेत्र आकृष्ट नहुने भएकाले निवेदन खारेजभागी छ भनी बहस गर्नुभयो।

१.३. नेपाली काङ्ग्रेस पार्टी, केन्द्रीय कार्यालय र यस पार्टीका तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री गोपालकृष्ण घिमिरे, श्री विजयप्रसाद मिश्र, श्री सिताराम के.सी र श्री यदुनाथ खनाल तथा विद्वान अधिवक्ताद्वय श्री खम्मबहादुर खाती र श्री दीना श्रेष्ठले संविधानको धारा ८४(२) ले समानुपातिक निर्वाचन प्रणालीमार्फत समावेशितालाई विशेष व्यवस्था गरेको छ। प्रत्यक्ष निर्वाचनमा प्रतिनिधित्व गर्न नसक्ने समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्न यो लागू हुन्छ। नेपाली कांग्रेसले आफ्नै निर्णय प्रक्रियाबाट योग्यताका आधारमा सांसदहरू सिफारिस गरेको हुनाले यो संवैधानिक र कानुनी दृष्टिले मान्य छ। संविधानको धारा ४२(१) सामान्य व्यवस्था हो भने धारा ८४(२) विशेष र विषयगत व्यवस्था भएकाले प्रतिनिधि सभा गठनको विषयमा यसलाई प्राथमिकता दिनुपर्छ। रिट निवेदकलाई कुनै हक आघात भएको छैन, उनी स्वयं पनि त्यही निर्वाचनमा भाग लिएका व्यक्ति हुन्। रिटमा हकदैयाको अभाव छ, कुन कानुनी व्यवस्था उल्लङ्घन भयो भन्न सकेको छैन। नेपाली कांग्रेसका समानुपातिक सांसदहरूको निर्वाचन प्रक्रिया निर्वाचन कानून अनुकूल भएकाले रिट खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

१.४. नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय कार्यालय र यस पार्टीका तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमेश बडाल र विद्वान अधिवक्ता श्री राजेन्द्र घिमिरेले संविधानको धारा ८४(२) अनुसार नै समानुपातिक निर्वाचन प्रणाली अनुरूप उम्मेदवारहरूको बन्दसूची तयार गरिएको थियो र सोही आधारमा उनीहरू निर्वाचित भएका हुन्। उम्मेदवारहरूको योग्यता र अयोग्यताका लागि संविधान र ऐनमा नै स्पष्ट व्यवस्था गरिएको छ साथै उम्मेदवारहरुले योग्यतासम्बन्धी प्रावधान पूरा गरेका छन्। निर्वाचन आयोगले बन्दसूचीमाथि दावी/विरोध लिने अवसर दिँदा कसैबाट पनि कुनै विरोध/दावी परेको थिएन। धारा ८४(२) र धारा ४२(१) फरक फरक प्रयोजनका लागि हुन्, धारा ४२(१) धारा ८४(२) मा स्वतः आकर्षित हुँदैन। रिट निवेदक आफैं उम्मेदवार

भई पराजित भएकाले हारको आक्रोशमा यो निवेदन दिएको अवस्था हो। निवेदकले कुन उम्मेदवारलाई निर्वाचित घोषित गर्नुपर्छ भन्ने कुरा नै उल्लेख गरेका छैनन्। जनतालाई मत दिने अधिकार थियो र जनतालेनै उनीहरूलाई अनुमोदन गरिसकेका छन्। यो रिट निवेदन संविधान र निर्वाचन ऐनको विपरीत छ र निरर्थक बौद्धिक विलासिताका लागि निवेदकले अदालतको ढोका ढक्ढक्याएको अवस्था भएकाले रिट निवेदन खारेजभागी भएकाले निवेदक खारेज होस् भनी बहस गर्नुभयो।

१.५. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), केन्द्रीय कार्यालय र यस पार्टीका तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री मुक्तिनारायण प्रधानले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) श्रमजीवी वर्गको हित र वर्गसंघर्षको सिद्धान्तलाई अनुशरण गर्ने र नेपाली जनताको आन्दोलनबाट प्राप्त समावेशी हकलाई सही रूपमा अंगीकार गर्ने दल भएको जिकिर गर्दै सामाजिक विकासका लागि उत्पीडित वर्गको अगुवाई आवश्यक हुन्छ। आफ्नो दलले प्राप्त गरेको १४ जना समानुपातिक सांसदहरु संविधानको धारा ४२(१) अनुरूप आर्थिक, सामाजिक, शैक्षिक रूपले पछाडि परेका समुदायबाट छनोट गरिएको छ। समानुपातिक सांसदहरु पूर्वमन्त्री, सांसदका नातेदार वा व्यापारी घरानाका नभई उत्पीडित समुदायका प्रतिनिधि हुन्। प्रतिनिधि छनौट गर्दा संविधानको धारा १८ र ४२(१) को पालना गरिएको छ भने पार्टीले संविधान, ऐन र समानुपातिक सिद्धान्त अनुसार नै उनीहरूलाई उम्मेदवार बनाएको हो। रिट निवेदकले पार्टीले के गल्ती गर्यो भन्न नसकेका र रिट निवेदन निराधार र हचुवाको भरमा दायर गरिएको हुँदा रिट निवेदक खारेज हुनुपर्ने भनी बहस गर्नुभयो।

१.६. राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री नारायण घिमिरे र विद्वान अधिवक्ता श्री गणेशदत्त देवकोटाले संविधानको धारा ४२(१) सामाजिक न्यायको हक सम्बन्धी सामान्य व्यवस्था हो भने धारा ८४(२) ले विविध समुदायको राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखेको छ, अतः धारा ४२(१) र धारा ८४(२) लाई अलग्गै हेर्नुपर्ने हुन्छ। संविधान र कानूनमा व्यक्तिको पेशा वा व्यवसायलाई समानुपातिक उम्मेदवारको योग्यता वा अयोग्यताको आधार बनाइएको छैन। समानुपातिक सांसदहरु आफ्नो समुदायभित्रका विभिन्न पेशा र अनुभवबाट आएका

हुन्, बन्दसूची तयार गर्दा कानून र प्रक्रिया अनुसार नै समावेशी बनाइएको र निर्वाचन आयोगले प्रचलित कानूनी व्यवस्था अनुसार नै सांसदहरु निर्वाचन घोषणा गर्ने कार्य गरेको छ। संविधान र कानूनको असल नियतका साथ प्रयोग र पालना गर्नु सबै राजनीतिक दलको कर्तव्य हो र राष्ट्रिय स्वतन्त्र पार्टीसमेत यसप्रति प्रतिबद्ध छ; धारा ८४(२) बमोजिम नै कार्य गरेको हुँदा रिट निवेदन कानूनी आधारहीन र खारेजयोग्य छ भनी बहस गर्नुभयो।

१.७. राष्ट्रिय प्रजातन्त्र पार्टी, केन्द्रीय कार्यालय र यस पार्टीका तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री राजु बस्नेतले रिट निवेदकले संविधानको धारा १८(३), ४२(१) र ४२(२) अन्तर्गत उनीहरूको कुन हक हनन् भयो भन्ने स्पष्ट खुलाउन सकेका छैनन्। रिट निवेदक आफैं उम्मेदवार भई पराजित भएकाले हारको आक्रोशमा यो निवेदन दिएको अवस्था हो। यो पार्टीबाट समानुपातिक सांसद बनेका व्यक्तिहरु संविधान र ऐन अनुसार योग्यता पुगेका व्यक्ति हुन्। पार्टीको सिफारिसअनुसार समानुपातिक बन्दसूचीमा समावेश भएका व्यक्तिहरुलाई नै निर्वाचन आयोगले निर्वाचित घोषणा गरेको अवस्था छ। निर्वाचन आयोगले दिएको मौकामा कसैको पनि दावी/उजुरी परेको छैन भने सांसदहरुले प्रमाणपत्र प्राप्त गरी शपथ लिइसकेका छन् र काम गरिरहेका छन्। उनीहरूको नियुक्ति र कार्यहरू संविधान र कानून अनुकूल नै छन्। रिट निवेदकले उठाएको बुँदाहरू (धनी, शिक्षित, पूर्वमन्त्री आदि) समानुपातिक सांसदको योग्यता/अयोग्यताका आधार होइनन्। रिट निवेदक स्वयंले धारा ८७(१) बाहेकको संवैधानिक र कानूनी प्रश्न उठाउने हकदैया नभएको हुनाले र रिट निवेदन संविधान, निर्वाचन ऐन र निर्वाचन प्रक्रिया विपरीत भएकोले खारेजयोग्य छ भनी बहस गर्नुभयो।

१.८. जनता समाजवादी पार्टी, केन्द्रीय कार्यालय र यस पार्टीका तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्तात्रय श्री दीपक राई, श्री दीपेन्द्र झा र श्री नारायण खरेलले संविधानको धारा ४२(५) ले देशका विभिन्न आन्दोलन र संघर्षमा योगदान पुऱ्याउनेहरूलाई पनि सम्मान र अवसर दिने व्यवस्था गरेको छ। राणा शासन र पञ्चायती राजतन्त्र विरुद्धका आन्दोलनकर्ताहरूको योगदानलाई पनि कदर गर्नुपर्छ। एकपटक देशको लागि लडेका व्यक्तिहरूको बलिदानलाई पुरानो ठान्नु हुँदैन। रिट निवेदकले राजनीतिक संघर्ष र

जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई सतही रूपमा हेरेका छन्। रिट निवेदक आफैं उम्मेदवार भई पराजित भएकाले हारको आक्रोशमा यो निवेदन दिएको अवस्था हो। दलहरूले संवैधानिक र कानूनी व्यवस्थाअनुसार उम्मेदवार चयन प्रक्रियालाई समावेशी बनाउने प्रयास गरेका छन्। संसदमा जनआकांक्षा बोक्ने र कानून बनाउन सक्षम व्यक्तिको आवश्यकता पर्दछ। अतः यसरी उनीहरूले धारा ४२(५) को व्यवस्थाअनुसार समानुपातिक सांसदको चयन गरिएको, आन्दोलनकर्ताहरूको योगदानलाई सम्मान गरिएको र दलहरूले संवैधानिक व्यवस्था पालना गरेको हुँदा आधारहिन निवेदन खारेजयोग्य छ भनी बहस गर्नुभयो।

२. उपर्युक्त बहसको रोहमा रिट निवेदन र लिखित जवाफ हेर्दा रिट निवेदनमा सारभूत रुपमा प्रतिनिधिसभाका लागि चुनिएका ११० जना समानुपातिक सांसदहरुलाई निर्वाचित घोषणा गर्ने लगायतका कार्य बदर गरी आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका लक्षित वर्गका व्यक्तिहरुलाई निर्वाचित घोषणा गराउनु पर्ने भन्ने माग लिई प्रस्तुत रिट निवेदन दर्ता गराएको पाइन्छ। निवेदकले निवेदनपत्रमा नेपालको संविधानको प्रस्तावनामा नै आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। धारा ४२(१) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गर्भवती महिला, असहाय व्यक्ति, पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी नीतिका आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरिएको छ। यसैगरी धारा १८(३) अनुसार उक्त पिछडिएका वर्गलाई संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनी विशेष व्यवस्था गर्दा समानताको हकमा प्रतिबन्ध नलाग्ने व्यवस्था गरिएको छ। तर विपक्षी राजनीतिक दलहरूले आफ्नो दलका तर्फबाट २०७९ मंसिरको प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट सिफारिस गरेका र विपक्षी निर्वाचन आयोगले विजयी घोषणा गरेका ११० जना सांसदहरू आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका होइनन्। संविधानको प्रस्तावना, धारा १८, ४२ र समग्र मर्मको विपरीत हुने गरी समानुपातिक निर्वाचन प्रणालीबाट उम्मेदवार सिफारिस र निर्वाचित घोषणा गरिएको छ। धारा ८४(२) को समानुपातिक निर्वाचन प्रणाली स्वतन्त्र धारा नभई धारा ४२(१) लाई पूर्णता दिने र

कार्यान्वयन गर्ने धारा मात्र हो। यसैले धारा ४२(१) विपरीत हुने गरी धारा ८४(२) लाई जनसंख्याको आधारमा मात्र व्याख्या गरिनु संविधानविपरीत हुन्छ। समानुपातिक निर्वाचन प्रणालीको मूल उद्देश्य नै संविधानको मर्म र धारा ४२(१) बमोजिम आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका समुदायलाई राज्यका विभिन्न निकायमा समावेश तथा प्रतिनिधित्व गराउनु हो। विपक्षीहरूको कार्य संविधानसम्मत छैन भन्ने मूलभुत जिकिर लिई समानुपातिक सिद्धान्त विपरीत भएको समानुपातिक सांसदलाई निर्वाचित घोषणा गर्ने कार्य बदर गरी राजनीतिक दलले पेस गरेको समानुपातिक सूचीबाट संविधानको धारा ४२(१) अनुरूप आर्थिक, सामाजिक र शैक्षिक दृष्टिकोणले पछाडि परेका व्यक्तिहरुलाई समानुपातिक सिद्धान्तको आधारमा छनोट गरिपाउँ भन्नेसमेत जिकिर लिएको पाइन्छ।

३. त्यसैगरी प्रत्यर्थीहरुबाट पेस हुन आएको लिखित जवाफको बेहोरालाई दृष्टिगत गरी हेर्दा मूलभुत रुपमा रिट निवेदकले प्रधानमन्त्रीको कार्यालय तथा अन्य विपक्षीहरूलाई विपक्षी कायम गर्नुपर्ने औचित्य र आधार खुलाउन सकेका छैनन्; समानुपातिक निर्वाचन प्रक्रिया निर्वाचन आयोगको क्षेत्राधिकारभित्र पर्ने विषय भएकोले ती निकायहरूलाई विपक्षी बनाउनु तर्कसंगत देखिँदैन; संविधानको धारा ४२(१) सामाजिक न्यायको हकसम्बन्धी व्यवस्था भएकोले यसलाई संघीय संसदको गठनसम्बन्धी धारा ८४(२) मा आकर्षित गर्न मिल्दैन; धारा ८४(२) ले समानुपातिक निर्वाचनमार्फत संसदमा विभिन्न समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखेको छ र सोहीबमोजिम दलहरुले योग्यता पुगेका सबै लक्षित वर्गका व्यक्तिहरुलाई समेत समेटी बन्दसूचि तयार गरी निर्वाचन आयोगमा बुझाएको अवस्था छ; समानुपातिक सांसदहरू संविधान र सम्बन्धित कानून अनुसार राजनीतिक दलबाट प्राप्त बन्दसूचीबाट नै निर्वाचित भएका हुन्; बन्दसूचीमा उम्मेदवारहरुको नाम समावेश गर्दा कानूनले तोकेका मापदण्ड पूरा गरिएकै थियो; बन्दसूचीमा समावेश भएका उम्मेदवारहरू विरुद्ध कुनै पनि दावी/उजुरी नपरेको अवस्थामा उनीहरूलाई अयोग्य मान्नु संविधान र कानून विपरीत हुन्छ; निर्वाचन प्रक्रिया सम्पन्न भइसकेपछि पराजित रिट निवेदकले यस्तो रिट निवेदन गर्नु निरर्थक बौद्धिक विलासिता मात्र हुन आउँछ; संविधान र कानूनले सामाजिक, आर्थिक वा शैक्षिक रूपले पछाडि परेका वर्ग/समुदायलाई राज्यका निकायमा समावेशिताको हक प्रदान गरेकोले निर्वाचनमा पराजित निवेदकको मागदावी संविधान विपरीत छ; रिट निवेदन असाधारण अधिकारक्षेत्रको प्रयोग आवश्यक पर्ने अवस्थाको सैद्धान्तिक व्याख्या गर्न सकेको अवस्था छैन; निवेदकले खारेजयोग्य, तथ्यहीन, उद्देश्यहीन

र औचित्यहीन रिट निवेदन हचुवाको भरमा दायर गरेको हुनाले खारेज गरिपाउँ भन्नेसमेतको जिकिर लिएको देखिन्छ।

४. उपर्युक्त बहससमेतको सन्दर्भमा निवेदन जिकिर र लिखित जवाफ रहेको प्रस्तुत रिट निवेदनमा मिसिल कागजात अध्ययन गरी निर्णयतर्फ हेर्दा देहायका प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन्छः

१. प्रस्तुत रिट निवेदनलाई सार्वजनिक हक हित र सरोकारको निवेदनको रुपमा लिन मिल्ने अवस्था छ वा छैन?

२. नेपालको संविधानमा उल्लिखित समानुपातिक समावेशिताको सिद्धान्तको अवधारणात्मक पक्ष के हो?

३. नेपालको संविधानमा समानुपातिक समावेशिताको सिद्धान्तलाई के कसरी र कुन रुपमा कार्यान्वयन गर्ने कोशिस गरिएको देखिन्छ? संविधान बमोजिम राज्यका निकायहरुमा के कस्तो सहभागिता कायम गर्न खोजिएको देखिन्छ र त्यस्तो सहभागिता सुनिश्चित गर्ने संवैधानिक दायित्व राज्यका निकाय र राजनीतिक दलहरुमा राख्न खोजिएको छ वा छैन।

४. प्रतिनिधिसभामा समानुपातिक प्रतिनिधित्वको सम्बन्धमा संविधानको धारा ४२(१) र ८४(२) बीच के कस्तो सम्बन्ध रहेको छ? के धारा ८४(२) ले धारा ४२(१) लाई सीमित गर्न खोजेको हो?

५. धारा ४२(१) मा उल्लिखित "आर्थिक रुपमा विपन्न खस-आर्य" को संवैधानिक दायरा के हो र धारा ८४(२) को "जनसङ्ख्याको आधार"ले जातजाति, लिंग, क्षेत्रका आधारमा मात्र प्रतिनिधित्व पर्याप्त हुन्छ वा आर्थिक-सामाजिक विपन्नताको आधारमा पनि हुनुपर्छ?

६. प्रतिनिधिसभाको निर्वाचनका सम्बन्धमा समानुपातिक समावेशी सिद्धान्तको प्रयोग र प्रचलनको सन्दर्भमा नेपालको सर्वोच्च न्यायिक निकायको रुपमा सर्वोच्च अदालतको के कस्तो न्यायिक दृष्टिकोण रहेको पाइन्छ?

७. मिति २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीवाट निर्वाचित घोषित भएका उम्मेदवारहरु कानून बमोजिम निर्वाचित भएका हुन वा होइनन् ? निर्वाचन परिणाम घोषणा गर्ने निर्वाचन आयोगको निर्णयमा कानूनी त्रुटि छ वा छैन ?

८. यस विषयमा कुनै आदेश जारी गर्नुपर्ने अवस्था छ वा छैन?

५. पहिलो प्रश्नः **प्रस्तुत रिट निवेदनलाई सार्वजनिक हक हित र सरोकारको निवेदनको रुपमा लिन मिल्ने अवस्था छ वा छैन** भन्ने तर्फ हेरौं: रिट निवेदकहरु चारजनाले प्रस्तुत रिट निवेदन दर्ता गर्नुभएको छ। वहाँहरु मध्ये एकजना वरिष्ठ अधिवक्ता र दुईजना अधिवक्ता हुनुहुन्छ भने अर्को एकजना हेमलाल पुन नेपालको शान्तीको निर्माणमा विशेष अनुभव, अध्ययन र अनुसन्धान गरेको नेपाली नागरिक भन्ने उल्लेख भएको छ। निवेदकहरु मध्ये श्री वालकृष्ण नेउपाने वरिष्ठ अधिवक्ता भई लामो समय देखि कानून व्यवसायमा संलग्न रहनुभएको र यस पुर्व पनि सार्वजनिक सरोकारका विभिन्न विषयमा रिट निवेदन दर्ता गर्नु भएको व्यक्ति हुनुहुन्छ। प्रस्तुत रिट निवेदन दर्ता गरेको विषयमा वहाँ उपर विपक्षीहरु मध्ये नेपाल कम्युनिष्ट पार्टी (एमाले) र केही निर्वाचित घोषित सांसदहरुले रिट निवेदक बालकृष्ण नेउपाने काठमाण्डौ क्षेत्र नं.१ बाट प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुनुभएको र पराजित हुनुभएकोले प्रस्तुत रिट निवेदनमा वहाँको स्वार्थ छ भन्ने कुरा लिखित जवाफमा जिकिर लिनु भएको पाइन्छ भने विपक्षीहरुको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले वहसको क्रममा पनि यो कुरा उठाउनु भएको छ। आफ्नो वहस प्रस्तुत गर्दा प्रतिनिधिसभा सदस्यको निर्वाचनमा आफु सहभागी भएको हो भन्ने कुरालाई वरिष्ठ अधिवक्ता श्री बालकृष्ण नेउपानेले इन्कार गर्नु भएको छैन। यसरी २०७९ सालमा भएको प्रतिनिधिसभाको निर्वाचनमा आफै प्रत्यक्ष तर्फ उम्मेदवार भएको व्यक्तिले सोही निर्वाचनमा समानुपातिक तर्फ उम्मेदवारको चयन र निर्वाचन बारेमा रिट निवेदन दिने वा नदिने भन्ने कुरा आत्मसंयम राखी हेर्नु राम्रो हुन्छ। यस्तो निवेदन दिंदा स्वार्थबस निवेदन दिएको आरोप लाग्न सक्छ। सार्वजनिक हक हित र सरोकारको निवेदन दिने व्यक्तिले आफु संलग्न भई निवेदन नदिएको भए राम्रै हुन्थ्यो होला। यस्तो आरोप लाग्न सक्छ भन्ने बरिष्ठ अधिवक्ता समेत रहेको व्यक्ति स्वयंले विचार गर्ने कुरा हो। तर प्रस्तुत रिट निवेदनमा वहाँ वाहेक पनि अन्य तीनजना निवेदकहरु रहेका र यहाँ उठाइएको विषय प्रतिनिधिसभाको सदस्यको योग्यता वा अयोग्यताको विषय सन्निहित भई नेपालको संविधानको धारा १३७(२)(ख) अन्तर्गत पर्ने र संविधानमा उल्लिखित समानुपातिक समावेशिताको हकको प्रचलनमा आम नेपाली जनताको चासो र सरोकार रहेको विषय समेत हुँदा प्रतिनिधिसभामा प्रत्यक्ष तर्फ उम्मेदवार भएको व्यक्तिले आफु निर्वाचनमा असफल भएपछि रिट निवेदन

दिएको भन्नेमात्र कारणले संविधानको व्याख्या र प्रयोगसँग सम्बन्धित महत्वपूर्ण विषय हेर्न अस्वीकार गर्नु उपयुक्त हुने देखिएन।

६. अब माथि उठाइएको **नेपालको संविधानमा उल्लिखित समानुपातिक समावेशिताको सिद्धान्तको अवधारणात्मक पक्ष के हो** भन्ने दोस्रो प्रश्न तर्फ हेरौं।

६.१. यस अदालतले *टंक प्रसाद आचार्य*को मुद्दा[२] मा समावेशिताको अवधारणात्मक पक्षवारे स्पष्ट गर्दै **"सैद्दान्तिकरुपमा समावेशी लोकतन्त्र वहुआयामिक मान्यता हो। यसमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय आयामहरु सन्निहित छन्। राजनीतिकरुपवाट हेर्दा समावेशी राज्य व्यवस्थाले आवधिक निर्वाचनमा सवैभन्दा वढि मत ल्याउने अल्पसंख्यक सामाजिक अगुवाहरु(Social elite)को समुहले राज्य संयन्त्रमा कव्जा गर्ने कुरालाई अस्वीकार गर्छ। त्यस मानेमा राजनीतिक प्रतिस्पर्धामा जित्नेले सबैथोक लैजाने, हार्ने चाहि हेरेको हेर्यै हुने, समानता र सहभागिताको कुरा आवधिक निर्वाचनमा मतदान केन्द्रमा पुग्ने र भोट हाल्ने कार्यसम्ममा सीमित रहने कुरालाई अस्वीकार गर्दै समाजिकरुपले पछाडि परेका र विपन्न वर्गको राज्यका निकायहरुमा सहभागितालाई सुनिश्चित गर्ने कोशिस गर्छ[३]। आर्थिक रुपमा समावेशी लोकतन्त्रले विश्वव्यापीकरण र वजारमुखी अर्थतन्त्रले सृजना गर्ने आर्थिक र औद्योगिक शक्तिको केन्द्रिकरण मार्फत राज्य व्यवस्थामा पर्ने नकारात्मक प्रभावको नियन्त्रण गर्ने, आर्थिक समानता कायम गर्ने, समाजको पिंधमा रहेको वर्गकोलागि आर्थिक अवसरहरुको सृजना गर्ने कोशिस गर्छ[४]। सामाजिकरुपमा छुवाछुत जस्ता कु-प्रथाहरुको उन्मुलन गर्दै सकारात्मक विभेद तथा सामाजिक न्याय सम्वन्धी कार्यक्रमहरु मार्फत आर्थिकरुपमा पिछडिएको र उपेक्षित वर्गलाई समेत अवसरहरुमा पहुँच र उपभोग गर्न सक्ने, सक्षमताको विकासको लागि उपयुक्त अवसरको छनौट गर्न सक्ने गरी मूलप्रवाहीकरण गर्दछ[५]। सामाजिक न्याय र सास्कृतिक विविधता समावेशी लोकतन्त्रका सामाजिक र सास्कृतिक आधार हुन। धर्म, भाषा, वा सांस्कृतिक जीवन पद्दतिको आधारमा गरिने विभेद र**

---

[२] टंक प्रसाद आचार्य विरुद्द निर्वाचन आयोगसमेत, ०७९-WC-००३७, आदेश मिति २०७९।१०।२५

[३] उदहारणको लागि नेपालको संविधानको धारा ४२, धारा ५०(१), धारा ७०, धारा ७६(९), धारा ८४(२)(८), धारा ८६(२)(क)(ख), धारा ९१(२), धारा ९२(२), धारा १६८(९) धारा १७६(६)(९), धारा २१६(४), धारा २२० धारा २२२, धारा २२३, धारा २८३

[४] ऐऐ प्रस्तावना, धारा २५(४), धारा ३३, धारा ३४, धारा ३६, धारा ३७, धारा ४१, धारा ४२, धारा ४४, धारा ५०(३)

[५] ऐऐ धारा १८, धारा २४, धारा २६, धारा २९, धारा ३१, धारा ३२,धारा ३३,धारा ३४,धारा ३५, धारा ३८, धारा ३९,धारा ४०,धारा ४३, धारा ५०(२) धारा ५१(घ)

**बहिष्करणलाई समावेशी लोकतन्त्रले अस्वीकार गर्दछ**[६]**। त्यसै गरी पर्यावरणीय स्वच्छता, र वातावरणीय न्याय समावेशी लोकतन्त्रका महत्वपुर्ण आयामहरु हुन। यसले क्षणिक आर्थिक स्वार्थ वा लाभका लागि वातावरणीय विनास र जलवायु परिवर्तनले ल्याउने सर्वनास प्रति वेखवर रहने छुट दिदैन**[७] भन्ने व्याख्या गरेको छ। संघीय संसदको निर्वाचनमा सन्दर्भमा समावेशिताको अवधारणात्मक पक्षवारे गरिएको उक्त व्याख्या समावेशिता सम्वन्धी अन्य विवादहरुको निरुपणमा समेत उत्तिकै महत्वपुर्ण र उपयोगी हुने देखिन्छ।

६.२. अवधारणात्मक विकासको ऐतिहासिक पक्ष हेर्दा, समावेशिता १९९० को दशक र त्यसपछि विकसित र संश्लेषित अवधारणा हो भन्ने देखिन्छ। पूँजीको केन्द्रीकरणलाई लोककल्याणकारी राज्यले रोक्न नसक्नु, सन १९८० को दशकमा पुर्वी युरोपमा सोभियत मोडलमा सञ्चालित राज्य व्यवस्थाको अन्त्य हुनु, त्यसैगरी सन १९८० र १९९० को दशकमा पुर्वी युरोप, लेटिन अमेरिका, एशियाका विभिन्न देशमा नवस्थापित लोकतन्त्रहरुले जनताका अपेक्षाहरुको सहिरुपमा सम्वोधन गर्न नसकेको अवस्था सिर्जना हुनु, त्यसैगरी सोही दशकमा विकसित विश्वव्यापीकरणले पारेका प्रभावहरु र जलवायु परिवर्तन सहित पर्यावरणीय चुनौतीहरुले समावेशी लोकतन्त्रको विकासमा प्रत्यक्ष वा परोक्षरुपमा योगदान गरेको मानिन्छ[८]।

६.३. हाम्रो मुलुकको परिप्रेक्षमा समावेशी राज्य व्यवस्थाको अवधारणात्मक विकासको चर्चा गर्दा नेपाली जनताले गरेका विभिन्न आन्दोलन र संघर्षहरुसंग जोडेर हेर्नुपर्ने हुन्छ। नेपालमा भएको द्वन्द र संघर्षको कारण राज्य सत्ताद्वारा सिर्जित आर्थिक सामाजिक वा सांस्कृतिक वन्चितिकरण तथा वहिस्करण हुन सक्छ भने समानुपातिक समावेशी राज्य व्यवस्था स्थापनाको ध्येय आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्गको मुल प्रवाहिकरण हुन सक्छ। यो मुलप्रवाहिकरणलाई संविधानको प्रस्तावना र विभिन्न धाराहरुले उजागर गरेका छन। संविधानमा गरिएका राष्ट्रका सर्वोच्च संस्था देखि संघ, प्रदेश र स्थानीय तहमा गरिने निर्वाचन र प्रतिनिधिमुलक व्यवस्थाहरु र तत् तत् तहका अधिकारहरुलाई समग्रतामा हेर्दा नेपालले समावेशी लोकतन्त्रको मान्यतालाई दह्रिलोसंग समातेको र यही माध्यमवाट समतामुलक समाजको निर्माण गर्दै संविधान प्रति स्वामित्वभाव

---

[६] ऐऐ प्रस्तावना, धारा ३, धारा २४, धारा २६, धारा २९, धारा ३२, धारा ५०(२) धारा ५१(ग)

[७] ऐऐ धारा ३०, धारा ५१ (ङ), (च), (छ)

[८] See generally, TAKIS FOTOPOULOS, TOWARDS AN INCLUSIVE DEMOCRACY: The Crisis of the Growth Economy and the Need for a Liberatory Project (Cassel, 1997)

अभिवृद्धि गर्ने, यसको उपयोगमा उर्जा, उत्साह र सिर्जनात्मकता थप्न तथा दीगो शान्ति, सुशासन, विकास र समृद्दिको आकंक्षा पुरा गर्न खोजेको स्पष्ट रुपमा देखिन्छ।

६.४. समावेशी राज्य व्यवस्थाको अवधारणात्मक पक्षवारे चर्चा गर्दा समावेसितावारे के कस्ता आवाजहरु उठे, के कस्ता विचारहरुलाई संविधानमा के कसरी समेटिएको छ र ती व्यवस्थाहरुले सारभूत समानता कायम गर्ने सुनिश्चित गर्छन वा गर्दैनन भन्ने वारे पनि विचार गर्न जरुरी हुन्छ। किनभने संविधान निर्माणको क्रममा उठेका सवै विचारहरुले संवैधानिक स्वीकार्यता प्राप्त गर्दैनन, प्राप्त गर्दा पनि सहि किसिमले लिपिवद्ध गरिदैनन, र गरिएकै अवस्थामा पनि तिनले यथार्थमा सारभूत समानता र सहभागितालाई सुनिश्चित गर्दैनन्। उदाहरणको लागि संविधानसभामा भएको छलफल हेर्दा निर्वाचन प्रणालीलाई पुर्ण रुपमा समानुपातिक वनाउने देखि प्रत्यक्ष निर्वाचित राष्ट्रपति, जातीय राज्य सम्मको परिकल्पना गरिएको देखिन्छ। तर ती सवै कुराहरु संविधानमा समावेश गरिएनन् र संविधानले एउटा मध्यम मार्ग समात्यो। संविधानसभाका अध्यक्षले भने जस्तै "***यो एउटा राजनीतिक सहमति र सम्झौताको साझा दस्तावेज***" बन्न पुग्यो[९]। तर त्यति भन्दा भन्दै पनि आर्थिक, सामाजिक वा शैक्षिक दृटिले पछाडि परेका वर्गका व्यक्तिहरुको राज्यका निकायहरुमा सहभागिता सुनिश्चित गर्ने सन्दर्भमा समानुपातिक समावेशिताको सिद्दान्तलाई सामाजिक न्यायको हकको रुपमा स्वीकार गरी[१०], त्यसैगरी सामाजिक वा सांस्कृतिक रुपले पिछडिएका नागरिकहरुको संरक्षण, शसक्तिकरण र विकासका लागि कानून वनाई विशेष व्यवस्था गर्ने सक्ने प्रावधान राखी वर्तमान संविधानले हकहरुको प्रचलनमा सारभूत समानताको मार्ग अनुशरण गर्न खोजेको र समावेशितालाई राजनीतिक अवधारणा भन्दा अघि वढेर हक अधिकार प्रचलनको उपाय वा माध्यमको रुपमा हेरेको पाइन्छ।

७. तेस्रो प्रश्नः **नेपालको संविधानमा समानुपातिक समावेशिताको सिद्दान्तलाई के कसरी र कुन रुपमा कार्यान्वयन गर्ने कोशिस गरिएको देखिन्छ? संविधान वमोजिम राज्यका निकायहरुमा के कस्तो सहभागिता कायम गर्न खोजिएको देखिन्छ र त्यस्तो सहभागिता सुनिश्चित गर्ने संवैधानिक दायित्व राज्यका निकाय र राजनीतिक दलहरुमा राख्न खोजिएको छ वा छैन** भन्ने वारेमा विचार गरौ ।

---

९ संविधान सभा दर्पण-२ २०७०-२०७२ (व्यवस्थापिका संसद सचिवालय, २०७४ मंसिर) पृ.२७१-२७६, मिति २०७२।०६।०३ मा संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले संविधानसभाको अन्तिम वैठकमा दिएको मन्तव्य

१० नेपालको संविधान धारा ४२(१)

७.१. सो वारेमा हेर्दा नेपालको संविधानको प्रस्तावनामा "*समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने* भनी संकल्प गरिनुले समावेशितालाई संविधानको एउटा प्रमुख सिद्धान्तका रूपमा स्वीकार गरिएको देखिन्छ। वस्तुतः प्रस्तावना संविधानको आत्मा हो, संविधानले अङ्गिकार गरेका मुल्य मान्यताहरु, राज्यको चरित्र, शासनका आधारहरु, यसले राखेको आकांक्षा, सो निम्ति गरेको संकल्प, र सो हासिल गर्न अपनाइएका माध्यमहरु संविधानको प्रस्तावनामा सांकेतिकरुपमा उल्लेख गरिन्छन। त्यसैले प्रस्तावनालाई संविधानको दर्शन र मार्गदर्शक सिद्धान्तको रूपमा लिइन्छ। उदाहरणको लागि नेपालको संविधानले समतामुलक समाजको स्थापना गर्ने संकल्प गरेको र त्यसको आधार समानुपातिक, समावेशी र सहभागितामुलक सिद्दान्त हुने कुराको उद्घोष गरेको छ । प्रस्तावनामै "***समानुपातिक समावेशिता*** लाई स्थान दिइनुले संविधानमा वर्णित "**समावेशिता**" र "**समानुपातिक प्रतिनिधित्व**" केवल शाब्दिक सजावट नभै शासन व्यवस्थाको चरित्र चित्रण गर्ने प्रमुख तत्व हुन् भन्ने स्पष्ट हुन्छ ।

७.२. समानुपातिक समावेसिताको दिद्धान्तको सम्वन्ध समानताको साथै सकारात्मक विभेदसंग पनि छ। नेपालको संविधानको धारा १८ मा समानताको हक अन्तर्गत सकारात्मक विभेदको सिद्धान्त (कानून बमोजिम हुने विशेष व्यवस्था) लाई आत्मसात् गरिएको पाइन्छ । उक्त धाराको उपधारा (३) मा "*राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन* भनी उल्लेख गरिएको छ ।साथै सोही उपधाराको प्रतिबन्धात्मक वाक्यांशमा "*सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भवस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन* भनी स्पष्टरुपमा उल्लेख भएको छ। यसरी सकारात्मक विभेदको हक प्रत्याभूत गरी **सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका** वर्गका नागरिकहरुको संरक्षण, शसक्तिकरण र विकास गरी राज्यका निकायहरुमा सहाभागिता अभिवृद्दी गर्नने कोशिस गरिएको देखिन्छ।

७.३. समानुपातिक समावेशी सिद्धान्तकै कुरा गर्दा संविधानको धारा ३८ को उपधारा (४) मा महिलाहरुलाई राज्यका सवै निकायमा समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागी हुने हक प्रत्याभूत गरिएको छ भने संविधानको धारा ४२ ***"सामाजिक न्यायको हक"*** मा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने भनी नागरिकको मौलिक हकका रूपमा स्थापित गरिएको छ । सामान्यतः मौलिक हकको प्रचलनका लागि राज्यले तत्काल कानून बनाउनु पर्ने हुन्छ र ती हकको प्रतिकूल हुने गरी कुनै कानून बन्न सक्दैन । यसरी समावेशिता सम्बन्धी व्यवस्थालाई मौलिक हककै रूपमा राखिनुले यसको संवैधानिक महत्व र अनिवार्यतालाई इंगित गरेको पाइन्छ। मौलिक हकको अलावा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व अन्तर्गत संविधानको धारा ५० मा उपधारा (१) मा समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्ने भन्ने राजनीतिक उद्देश्य रहेको पाइन्छ[११]। यद्यपि राज्य नीतिका निर्देशक सिद्दान्तहरु अदालतवाट सोझै कार्यान्वयन हुँदैनन्, तर ती व्यवस्थाले राज्य सञ्चालनमा मार्गदर्शन गर्ने हुँदा मौलिक हकको कार्यान्वयनमा थप वल प्रदान गर्दछन, त्यस मानेमा संविधानको व्याख्या र विश्लेषणमा यी सिद्दान्तहरु उपयोगी हुन्छन् ।

७.४. समानुपातिक समावेसिताको चर्चा गर्ने क्रममा यो सिद्दान्तमार्फत राज्यका निकायहरुमा के कस्तो सहभागिता कायम गर्न खोजिएको रहेछ भनी हेर्दा समावेशिताले विभिन्न रुपमा हाम्रो संविधानका व्यवस्थाहरुमा प्रवेश पाएको देखिन्छ । उदाहरणको लागि धारा ७६(९) मा संघीय मन्त्रिपरिषद् गठन हुँदा संघीय संसदका सदस्यमध्येबाट "समावेशी सिद्धान्त बमोजिम" गठन हुने भन्ने कुरा उल्लेख भएको भएको छ । त्यसै गरी धारा ८४ ले प्रतिनिधिसभाको गठनमा समानुपातिक निर्वाचन प्रणाली समेतलाई अङ्गिकार गरेको छ भने धारा ८६ अनुसार राष्ट्रिय सभा गठन गर्दा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक व्यक्तिलाई समेटिनुपर्ने अनिवार्यता गरेको

---

[११] ५०. निर्देशक सिद्धान्तहरुः (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, ***समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै*** लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा ***शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै*** लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ।

छ। त्यसैगरी धारा १६८(९) ले प्रदेश मन्त्रिपरिषद्को गठन गर्दा समावेशी सिंद्धान्त वमोजिम गठन गर्नुपर्ने कुरा निर्देश गरेको देखिन्छ भने धारा १७६ ले प्रदेश सभाको गठनमा समानुपातिक निर्वाचन प्रणाली समेतलाई अङ्गिकार गरेको छ। राज्य व्यवस्थालाई समावेशी वनाउने क्रममा गाउँ/नगरसभा, गाउँ कार्यपालिका/नगर कार्यपालिका र जिल्ला समन्वय समितिको गठन सम्बन्धमा समेत समावेशितालाई अङ्गिकार गरिएको धारा २१५, २१६, २२०, २२२ र २२३ को अध्ययनवाट देखिन्छ। यसरी एकातर्फ तिनै तहका विधायिकी र कार्यकारी पदहरुमा समावेशिताको सिद्दान्तलाई अङ्गिकार गरिएको छ भने सो भन्दा अघि बढेर नेपालको संविधानले राष्ट्रपति र उपराष्ट्रपति,[१२] प्रतिनिधिसभाका सभामुख र उपसभामुख,[१३] राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष,[१४] प्रदेश सभाको सभामुख र उपसभामुख,[१५] जस्ता पदहरु समावेशी रहनुपर्ने कुरालाई स्पष्ट निर्देश गरेको पाइन्छ। साथै नेपालको संविधानको धारा २८३ मा संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिने कुराको व्यवस्था पनि गरिएको पाइन्छ। यसरी हेर्दा समावेशिता हाम्रो संविधानको प्रमुख विशेषता र मुल दर्शन रहेको कुरा स्पष्ट हुन आउछ। संविधानका प्रस्तावनादेखि राज्यका विभिन्न अंग र निकायसम्म समावेशिताका प्रावधानहरू रहनुले यो सिद्धान्त केवल सैद्धान्तिक चिन्तन मात्र नभई व्यवहारिक प्रयोगको मार्गदर्शनको रुपमा समेत रहेको देखिन्छ। समानुपातिक समावेशीता मौलिक हकका रुपमा समेत प्रत्याभूत गरिनुले यो मागिने र दिइने विषय मात्र नरही आर्थिक-सामाजिक-सांस्कृतिक रूपमा पछाडि परेका वर्गलाई राज्य संयन्त्रमा सम्मानजनक पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्ने राज्यको अनिवार्य संवैधानिक दायित्व  अन्तरगतको विषय रहेको कुरा स्पष्ट हुन आउछ।

८. **चौथो प्रश्नः प्रतिनिधिसभामा समानुपातिक प्रतिनिधित्वको सम्बन्धमा संविधानको धारा ४२(१) र ८४(२) बीच के कस्तो सम्बन्ध रहेको छ? के धारा ८४(२) ले धारा ४२(१) लाई सीमित गर्न खोजेको हो?** भन्ने वारे विचार गरौं।

---

[१२] धारा ७०. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुनेः यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

[१३] धारा ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुखः (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ ...

[१४] धारा ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षः (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ।

[१५] धारा १८२. प्रदेश सभाको सभामुख र उपसभामुखः (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ ...

८.१. यो प्रस्तुत रिट निवेदनको सवैभन्दा महत्वपुर्ण प्रश्न हो र यो प्रश्नको निरुपणले समानुपातिक समावेशिताको प्रयोगलाई दिशानिर्देश गर्दछ। यद्दपि रिट निवेदकहरुले आफ्नो निवेदनमा संविधानको धारा ४२(१) र धारा ८४(२) वीचको सम्बन्धलाई मात्र लिएर जिकिरहरु प्रस्तुत गर्नुभएको छ तर यी दुई धारा बीचको सम्बन्ध वारेमा चर्चा गर्दा संविधानको प्रस्तावना, धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश, धारा ३८(४), धारा ४०(१) र धारा ५०(१) का व्यवस्थाहरुलाई समेत पृष्टभूमिमा राखेर सो सम्बन्धवारे विवेचना गरिनुपर्छ र सो विवेचना धारा ४२(१) र धारा १७६(६) वीचको सम्बन्ध निर्धारण गर्दा समेत निर्णायक हुने देखिन्छ। माथि प्रश्न नं ३ को चर्चा गर्दा प्रस्तावना र राज्यका निर्देशक सिद्दान्तको संवैधानिक शक्ति एवं महत्व वारेमा चर्चा गरिसकिएको छ। यहाँ जोड दिन खोजिएको कुरा के हो भने समानुपातिक समावेशिता संविधान प्रस्तावना वा निर्देशक सिद्दान्तमात्र सीमित नरही भाग तीन अर्थात मौलिक हक सम्बन्धी भागमा समेत रहेको छ। सो भाग अन्तर्गत धारा ३८(४), धारा ४०(१) र धारा ४२(१) मा **"समानुपातिक समावेशी सिद्धान्त"** भन्ने शव्दावलीको प्रयोग भएको छ र यी व्यवस्थाहरुको चर्चा गर्दा संविधानको धारा १८(३)को प्रतिवन्धात्मक वाक्यांशलाई पनि मध्येनजर राखी गरिनु वान्छनीय हुन्छ।

८.२. नेपालको संविधानको धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश र धारा ४२(१) को सम्बन्ध वारे विवेचना गर्दै यस अदालतले *विनय पञ्जियारको*[१६] मुद्दामा "*धारा ४२ (१) को व्यवस्था राज्यका निकायमा सहभागिताको लागि स्वतः कार्यान्वयन हुने हक हो भन्ने देखिन्छ। यो हकको कार्यान्वयनको लागि छुट्टै कानून नचाहिन सक्छ, जवकि धारा १८(३) को प्रतिवन्धात्मक व्यवस्था स्वतः कार्यान्वयन हुने व्यवस्था होइन। यसको कार्यान्वयनको लागि कानून आवश्यक पर्छ। यो व्यवस्थाको उद्देश्य लक्षित वर्गको संरक्षण, सशक्तीकरण र विकास हो। यति हुँदा हुँदै पनि धारा १८(३) को प्रतिवन्धात्मक वाक्य र ४२(१) समेतका व्यवस्थाको साझा उद्देश्य समाजमा विद्यमान विभेदको अन्त्य गर्दै सामाजिक रुपमा पिछडिएका जनताको हकमा विभिन्न किसिमका सकारात्मक पहल गरी शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, र राज्यका निकायहरुमा सहभागिता समेतको क्षेत्रमा सकारात्मक व्यवस्था गरी जनताको सक्रिय सहभागितामा आधारित समावेशी चरित्रको समतामूलक समाजको स्थापना गर्ने हो भन्ने देखिन्छ*"[१७]। *त्यस अर्थमा दुवै व्यवस्थाहरु वहु आयामिक देखिन्छन्।*

---

[१६] डा. विनय कुमार पञ्जियार विरुद्ध चिकित्सा शिक्षा आयोग समेत ०७७-**WO**-०२३७ **फैसला मिति २०७७।०९।०१ नेकाप २०७८ निनं १०७५६**

[१७] यो कुराको पुष्टि संविधानको धारा ५१(ञ) १०, ११, १२ ले पनि गर्छ।

*समानुपातिक समावेसिता राज्य संरचनामा सहभागिता लक्षित प्रावधान हो। योग्यता, क्षमता आदिका नागमा राज्य संरचनामा सीमित वर्ग र व्यक्तिले कब्जा गर्न नपावस्, उपेक्षित वर्गको शासन व्यवस्थामा सक्रिय सहभागिता बढोस, समावेशी लोकतन्त्र शासन व्यवस्थाको दीर्घकालीन आधार बनोस् भन्ने सोच धारा ४२ को व्यवस्थामा अन्तरनिहित छ। धारा ४२ को व्यवस्थाको शिर्षक नै "सामाजिक न्याय" भन्ने हुँदा समानुपातिक समावेशितालाई सामाजिक न्यायको एउटा आयामको रुपमा हेरिनुपर्छ र न्यायपूर्ण समाजको स्थापना गर्ने तर्फ राज्य र समाजका प्रयासहरु केन्द्रित रहनुपर्छ। निर्णय प्रकृयामा र लाभको वितरणमा अर्थपूर्ण सहभागिता समानुपातिक समावेशिताको मानक बन्छ। निश्चित कालखण्ड भित्र गरिने अङ्कगणितीय अनुपात पनि समानुपातिक समावेशिताको दृष्टिभित्र रहन्छ, तर यो सो भन्दा उन्नत दृष्टिकोण र सोच हो"* भन्ने व्याख्या गरेको छ। उक्त व्याख्यामा असहमत हुनुपर्ने कारण छैन। यी व्यवस्थाहरुको चर्चा गर्दा थप गर्नुपर्ने कुरा के सम्म मात्र हो भने धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांश र धारा ४२(१) को मुल उद्धेश्य पछाडि पारिएका वर्गका नागरिकहरुको मुलप्रवाहीकरण हो। सो गर्ने सन्दर्भमा धारा ४२ (१) ले राज्यका निकायहरुमा सहभागिताको हक प्रत्याभूत गर्छ भने धारा १८(१) को प्रतिवन्धात्मक वाक्यले सामाजिक र सांस्कृतिक दृष्टिले पिछडिएका नागरिकहरुको "संरक्षण, सशक्तिकरण र विकासको व्यापक दायरा समेटेको अवस्था छ। यो दायरा भित्र राज्यका निकायमा सहभागिता पनि पर्न सक्छ तर यसले सो भन्दा वाहेकका अन्य कार्यहरु मार्फत पनि पिछडीएका नागरिकहरुको संरक्षण, शसक्तिकरण र विकास गर्न सक्छ।

८.३. अव जहाँसम्म नेपालको संविधानको धारा ४२(१) र धारा ८४(२) वीचको सम्बन्धको कुरा छ, सरसर्ति हेर्दा धारा ४२(१) समाजिक न्यायको हक प्रत्याभूत गर्ने धारा हो भन्ने देखिन्छ। जब संविधानले समानुपातिक समावेशिताको सिद्दान्तको आधारमा राज्यका निकायहरुमा सहभागिताको हक प्रत्याभूत गरेको छ भने सो हकको सरक्षण, संबर्धन र उपयोगमा बाधा गरिनु हुदैन र त्यसो गरी सम्बन्धित व्यक्तिको हक हनन् गरिएमा उपचार खोज्ने हक पनि संविधानले नै सुरक्षित गरेको छ। एकातर्फ धारा ४२(१) को यो स्थिति छ भने अर्कोतर्फ धारा ८४(२) को व्यवस्थावारे हेर्दा प्रथमतः यो मौलिक हक अन्तरगतको व्यवस्था नै होइन; यो त प्रतिनिधिसभाको गठनसंग सम्बन्धित व्यवस्था हो। संविधानले प्रतिनिधि सभाको गठनलाई वालिग मताधिकारको आधारमा हुने निर्वाचनमा ओधारित गरेको छ। त्यसैले यो बालिग मतदाताको तर्फवाट प्रतिनिधित्व गर्ने निर्वाचनसँग सम्बन्धित व्यवस्था हो। अर्को

शव्दमा, यो आम नागरिकसंग सम्बन्धित व्यवस्था नभई वालिग मतदातासँग सम्बन्धित व्यवस्था हो। वालिग हुँदैमा प्रतिनिधिसभामा सहभागी हुने हक प्राप्त हुदैन, त्यसको लागि न्युनतमरुपमा पनि उम्मेदवार भई निर्वाचित हुनुपर्छ। उम्मेदवार हुन राजनीतिक दलको वन्दसुचिमा नाम परी निर्वाचित हुनुपर्छ। धारा ८४ प्रतिनिधि सभाको निर्वाचनसँग मात्र सम्बन्धित हुँदा राज्यका अन्य निकायमा समावेशिता कसरी सुनिश्चित गर्ने भन्ने व्यवस्था होइन। संक्षेपमा यी दुई धारा फरक-फरक परिच्छेदमा रहेका र फरक विषयसँग सम्बन्धित व्यवस्था हुन् भन्ने देखिन्छ । धारा ४२(१) मा समानुपातिक समावेशिताको आधार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिवाट पछाडि पर्नुलाई लिएको छ भने धारा ८४(२) मा प्रतिनिधित्वको आधार जनसंख्या, भुगोल र प्रादेशिक सन्तुलनलाई मानिएको छ। समानुपातिक समावेशिताले पनि पनि परोक्षरुपमा जनसंख्यालाई आधार गर्ने हुँदा यो हदसम्म धारा ४१(१) र धारा ८४(२) मा उल्लेखित आधारमा समानता रहेको पाइन्छ। जहाँसम्म को सहभागी हुने भन्ने प्रश्न छ, धारा ४२(१) मा "*महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य* लाई *राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने* हक स्थापित गरिएको छ भने धारा ८४(२) मा सो सबै समुहलाई नसमेटी "*महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र* र उपधारा (३)मा *अपाङ्गता भएका ब्यक्ति* सम्मलाई समेटिएको पाइन्छ। धारा ४२(१) स्वयम् कार्यान्वयन हुने प्रावधान (Self-executing provision) हो भने धारा ८४(२) को कार्यान्वयन "**संघीय कानून वमोजिम**" मात्र हुने हुँदा यो स्वयम् कार्यान्वयन हुने व्यवस्था होइन भन्ने देखिन्छ।

८.४. निवेदक तर्फवाट उपस्थित विद्वान अधिवक्ताहरुले धारा ४२(१) र धारा ८४(२) को सम्बन्ध पूर्ण रुपमा मूल र सहायक धाराको सम्बन्ध (Parent-Subsidiary Relation) जस्तो रहेको भन्ने जिकिर गर्नुभएको छ। तर यी दुई धाराहरु स्वतन्त्र धाराको रुपमा संविधानको अलग-अलग भागमा राखिएको हुँदा एउटा कार्यान्वयन नभै अर्को कार्यान्वयन नहुने वा एउटै अख्तियारीबाट निसृत हुने प्रकृतिको र एउटै कुरासँग सम्बन्धित पनि देखिदैन। त्यसैले दुई धाराहरुलाई मुल र सहायक धाराको सम्बन्धमा राख्न, हेर्न र अर्थ गर्न मिल्ने देखिदैन। यति भन्दा भन्दै पनि ख्याल गर्नुपर्ने कुरा के छ भने समावेशिताको आधार आर्थिक,

सामाजिक वा शैक्षिक पछौटेपन नै हो। अर्थात आर्थिक, सामाजिक र शैक्षिक दृष्टीबाट पछाडि परेका व्यक्तिहरुलाई राज्यका निकायमा सहभागी गराउने उद्देश्य समावेसिताले राख्छ । समानुपातिक निर्वाचन प्रणालीको मुल उद्देश्य पनि निर्वाचन प्रणाली मार्फत प्राप्त हुने राज्य सत्ताको सञ्चालनलाई सामाजिक अगुवाहरुको कब्जा (Elite capture) बाट छुटाई पछाडिपरेका नागरिकहरुमा पुरयाउने हो। राजनीतिक तहमा समावेशी राज्य व्यवस्थाले आवधिक निर्वाचनमा सबैभन्दा बढि मत ल्याउने अल्पसंख्यक सामाजिक अगुवाहरु(Social elite)को समुहले राज्य संयन्त्रमा कब्जा गर्ने कुरालाई अस्वीकार गर्दै सामाजिकरुपले पछाडि परेका र विपन्न वर्गको राज्यका निकायहरुमा सहभागितालाई सुनिश्चित गर्ने कोसिस गर्छ। यस अर्थमा धारा ४२(१) को व्यापक दायरालाई धारा ८४(२) ले सम्मान गर्नु नै पर्ने हुन्छ, त्यसो गर्नु आवश्यक छैन भनेमा "**राज्यका निकायहरुमा समानुपातिक समावेशी सहभागिता**"को हक निस्तेज र निस्प्रभावी हुन गै प्रतिनिधित्व गराउन तोकिएको वर्ग भित्र पनि उपल्लो आर्थिक र समाजिक हैसियत बनाएका राज्य सञ्चालनमा पटक पटक मौका पाएका माथिल्लो तप्का (creamy layer)को हातमा पुगी समावेशी राज्य संरचनाको परिकल्पना परास्त हुन सक्छ। धारा ४२(१) र धारा ८४(२) बीचको सम्बन्धको कुरा गर्दा यो पक्षलाई बिर्सन मिल्दैन। त्यसैले दुवै धाराको ब्याख्या गर्दा धारा ४२(१) को प्रधान्यतालाई मनमा राखी सामञ्जस्यपूर्ण तथा उद्देश्यमूलक व्याख्या (Harmonious and Purposive Interpretation) गरिनु संविधानको शब्द, भाव र मर्म अनुकुल हुने देखिन्छ।

९. अव पाँचौ प्रश्न अर्थात **धारा ४२(१) मा उल्लिखित "आर्थिक रुपमा विपन्न खस-आर्य" को संवैधानिक दायरा के हो र धारा ८४(२) को "जनसङ्ख्याको आधार"ले जातजाति, लिंग, क्षेत्रका आधारमा मात्र प्रतिनिधित्व पर्याप्त हुन्छ वा आर्थिक-सामाजिक विपन्नताको आधारमा पनि हुनुपर्छ** भन्ने बारे विचार गरौं।

९.१. धारा ४२(१) मा उल्लेख भएअनुसार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका विभिन्न समूहहरूको सूचीमा "***आर्थिक रुपमा विपन्न खस-आर्य***" लाई पनि समावेश गरिएको छ । यसले गर्दा राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक ***आर्थिक रुपमा विपन्न खस-आर्य*** का लागि पनि सुरक्षित गरिएको देखिन्छ । तर "***खस-आर्य***" भन्ने शब्दावलीले कुन वर्गलाई जनाउँछ भन्ने स्पष्ट परिभाषा सो धारामा गरिएको छैन। धारा ८४(२) अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रतिनिधि सभाका सदस्यहरु निर्वाचित गर्ने प्रक्रियामा "खस आर्य" भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी

(दशनामी) समुदायलाई बुझिने भनी प्रष्ट्याइएको छ । धारा ४२(१) मा प्रयुक्त "आर्थिक रूपमा विपन्न" भन्ने विशेषणले यो संवैधानिक व्यवस्था सम्पूर्ण खस-आर्य समुदायका लागि नभई ती मध्येका आर्थिक रूपमा विपन्न व्यक्तिहरूका लागि मात्र लागू हुनुपर्ने देखिन्छ । यसले खस आर्य समुदायभित्र पनि आर्थिक रुपमा विपन्न खस आर्यको राज्यका निकायमा सहभागिता सुनिस्चित गर्ने मनसाय राखेको देखिन्छ । त्यसैले धारा ४२(१) को प्रारम्भमा उल्लेख भएको "आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका विभिन्न समुहको पहिचान गर्दा आर्थिक रुपमा पछाडि परेका खस आर्य पनि पर्ने देखिन्छ भने धारा ८४(२) वमोजिम समानुपातिक निर्वाचनमा सहभागी हुने खस आर्यको हकमा पनि आर्थिक विपन्नताको कारण सिर्जित पछौटेपन नै एउटा मानक हुने देखिन्छ।

९.२. संविधानको धारा ८४(२) मा प्रयुक्त "***जनसङ्ख्याको आधार***" भन्ने वाक्यांशतर्फ हेर्दा प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने सदस्यका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई ध्यान दिँदै जनसङ्ख्याको आधारमा समानुपातिकता कायम हुने गरी बन्द सुचि पेश गर्नुपर्ने व्यवस्था गरिएको देखिन्छ । यथार्थमा प्रतिनिधिसभामा जनताको प्रतिनिधित्व जनसंख्याको आधारमा हुने हो । त्यसैले जनसंख्यालाई आधार गरिनु आफैमा आपत्तिजनक हुँदैन। तर जनसंख्या, भूगोल र प्रादेशिक सन्तुलन मिलाउने नाममा आर्थिक, सामाजिक र शैक्षिक पछौटेपनलाई बिर्सन भनें मिल्ने देखिदैन। त्यसो गरिँदा धारा धारा ४२(१) सँगको समन्वय हराउन पुग्छ र त्यसो गरिनु संविधानको शब्द, मर्म र भावना अनुकुल पनि हुने देखिँदैन।

१०. अव छैठौं प्रश्नः ***प्रतिनिधिसभाको निर्वाचनका सम्बन्धमा समानुपातिक समावेशी सिद्घान्तको प्रयोग र प्रचलनको सन्दर्भमा नेपालको सर्वोच्च न्यायिक निकायको रुपमा सर्वोच्च अदालतको के कस्तो न्यायिक दृष्टिकोण रहेको पाइन्छ?*** भन्ने वारे विचार गरौं।

१०.१. प्रतिनिधिसभाको समानुपातिक निर्वाचन बारेमा यस अदालतवाट निर्णय भएका निर्णयहरु हेर्दा *पदमबहादुर शाही विरुद्ध राष्ट्रपतिको कार्यालयसमेत* भएको उत्प्रेषण/परमादेश रिट निवेदन (०७४-WC-००१०) मा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८(५), ६०(६) र अनुसुची - १ को व्यवस्था नेपालको संविधानसँग बाझिएको हुँदा अमान्य घोषित हुन र उक्त ऐनमा "**पिछडिएको क्षेत्र**" थप गरी ४.३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुने गरी कानून निर्माण हुन मागदावी रहेकोमा यस अदालतको संवैधानिक इजलासबाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८(५), ६०(६) र अनुसुची - १ को व्यवस्था

संविधानसँग बाझिएको नदेखिएकोले अमान्य घोषित गर्न नमिल्ने तथा प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४०(४) ले पिछडिएको क्षेत्रलाई कम्तीमा ४.३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिसकेको अवस्था भएकाले रिट निवेदन खारेज हुने ठहर भएको देखिन्छ ।

१०.२. त्यसैगरी *रुपनारायण बैंठा विरुद्ध निर्वाचन आयोग, नेपालसमेत* भएको उत्प्रेषण/परमादेशसमेत रिट निवेदन (०७४-WC-००१५) मा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी नियमावली तथा निर्देशिकामा राजनीतिक दलले समानुपातिक उम्मेदवार छनौट गर्दा बन्दसूचीमा उल्लेखित उम्मेदवारहरुको क्रम नमिल्ने गरी नाम छनौट गर्न नपाउने गरी गरिएको व्यवस्था संविधानसँग बाझिएकोले बदर गरिपाउन मागदावी रहेकोमा संवैधानिक इजलासले राजनीतिक दलले संविधान र कानूनको परिधिभित्र रहेर बन्दसूचीमा के कुन उमेदवारलाई के कुन प्राथमिकताको क्रममा राख्ने भन्ने कुरा राजनीतिक दलको विवेकको विषय भित्रको कुरा भएको तथा समानुपातिक निर्वाचनमा जनसंख्याका आधारमा दलले प्राप्त गरेको सिट अनुपातमा समावेशी समूहबाट निर्वाचित हुने र बन्दसूची अनुसार माथिल्लो क्रमको उम्मेदवार निर्वाचित हुने व्यवस्था संविधान र ऐनको मर्म अनुकुल रही यसले समानुपातिक र समावेशी प्रतिनिधित्वमा कुनै असर परेको नदेखिएको भनी रिट निवेदन खारेज हुने ठहर गरेको देखिन्छ ।

१०.३. त्यस्तै निवेदक टंक प्रसाद आचार्य विरुद्द निर्वाचन आयोग समेत रहेको मुद्दा (०७९-WC-००३७) मा निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ अनुसार विभाजित समूह क्लस्टर विपरीत विपक्षी खण्डमा उल्लेखित एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी माओवादी, जनमत पार्टीसमेतले खस आर्य र महिला ३३ प्रतिशत अन्तर्गतको सिफारिस कार्य नेपालको संविधानको धारा ८३ र ८४ सँग बाझिएको हुँदा विपक्षीहरुलाई झिकाई विपक्षीहरुले सिफारिस गरेको कार्य, निर्णय, आदेश भएको भए उत्प्रेषणको आदेशले बदर गरी स्वतन्त्र रूपमा महिला ३३ प्रतिशत र अन्य कलस्टरहरुको भागमा छुट्याइएको सिट कानूनबमोजिम सुरक्षित रहेको हुँदा खसआर्यको ३१.२ प्रतिशत र महिला ३३ प्रतिशत सिटलाई यथास्थितिमा छुट्याई सोही बमोजिम प्रक्रिया पूरा गरी निर्वाचन परिणाम घोषणा गरी पाउन विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग रहेकोमा संविधानले नै ३३ प्रतिसत महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको हुँदा संघीय संसदमा महिलाको प्रतिनिधित्वको सुनिश्चितता

संविधानमा नै गरिएको र महिला वाहेक अन्य उल्लेखित वर्गको प्रतिनिधित्वको लागि प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ बमोजिमको प्रत्येक समावेशी समूह महिलाहरुको नाम राजनीतिक दलहरुले समावेश गराएको कुरालाई संविधान र ऐनको विपरीत भयो भन्ने कुरासँग सहमत हुन सकिएन भनी रिट निवेदन खारेज भएको पाइन्छ।

१०.४. माथि उल्लेखित विवादहरु समावेशिताको प्रश्नसँग कुनै न कुनै रुपमा सम्बन्धित देखिए तापनि कुनै पनि फैसला वा आदेशहरुमा संविधानको धारा ४२(१) र धारा ८४(२) को वीचको अन्तरसम्बन्धको कसीमा समानुपातिक समावेशिताको व्याख्या र विश्लेषण गरिएको अवस्था छैन ।

११. अब सातौं प्रश्नः **मिति २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीवाट निर्वाचित घोषित भएका उम्मेदवारहरु कानून वमोजिम निर्वाचित भएका हुन वा होइनन। निर्वाचन परिणाम घोषणा गर्ने निर्वाचन आयोगको निर्णयमा कानूनी त्रुटि छ वा छैन?** भन्नेमा निर्णय दिनुपर्ने भयो ।

११.१. प्रस्तुत रिट निवेदनको बेहोरा हेर्दा निवेदकले समानुपातिक सांसदहरूको उमेर, नागरिकता वा अन्य निर्वाचनसम्बन्धी कानूनी योग्यताको विषयमा प्रश्न उठाएको देखिँदैन नत निर्वाचन सम्वन्धी विद्यमान कानून प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को कुनै दफा संविधानसंग वाझियो भन्ने जिकिर नै लिएको अवस्था छ। निर्वाचन आयोगबाट विजयी घोषित भएका समानुपातिक सांसदहरूको योग्यताको विषयमा नेपालको संविधानको धारा ८७ को उपधारा (१) आकर्षित हुने देखिन्छ । संविधानले उक्त धारामा संघीय संसद्को सदस्य हुनको लागि आवश्यक पर्ने न्यूनतम योग्यताहरू निर्धारण गरेको पाइन्छ । ती योग्यताहरूमा नेपालको नागरिक हुनुपर्ने, निश्चित उमेर पुगेको हुनुपर्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने, संघीय कानूनले अयोग्य नठहराएको हुनुपर्ने र लाभको पदमा आसीन नरहेको हुनुपर्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ मा कुनै व्यक्ति निर्वाचनमा उम्मेवार हुनसक्ने योग्यता तथा दफा १३ मा अयोग्यताका सम्बन्धमा व्यवस्था गरेको देखिन्छ। त्यसैगरी, समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सांसदहरुको सन्दर्भमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ र दफा २९ मा निम्नानुसारको प्रावधान उल्लेखन भएको देखिन्छः

> *२८. <u>उम्मेवारको बन्दसूची तयार गर्ने</u>: (५) दलले यस दफा बमोजिम उम्मेदवारहरुको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत*

*ध्यान दिई जनसङ्ख्याको आधारमा अनुसुची — १ मा उल्लेख भए बमोजिम दलित, आदिवासी जनजाती, खस आर्य, मधेशी, थारू र मुस्लिम समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गर्नु पर्नेछ ।*

*अनुसुची-१*

*उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार*

| क्र.स | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १ | दलित | १३.८ |
| २ | आदिवासी जनजाति | २८.७ |
| ३ | खस आर्य | ३१.२ |
| ४ | मधेशी | १५.३ |
| ५ | थारु | ६.६ |
| ६ | मुस्लिम | ४.४ |

*(६) दलले उम्मेदवारको बन्दसूची तयार गर्दा पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।*

*२९. उम्मेदवारको बन्दसूची उपर दाबी विरोधको मौका दिने: (१) दफा २८ बमोजिम प्राप्त उम्मेवारको बन्दसूची आयोगले जाँचबुझ गरी प्रकाशन गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्दा आयोगले त्यस्तो सूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको योग्यता संविधान वा यस ऐन बमोजिम नभएको सम्बन्धमा सात दिन भित्र दाबी विरोध गर्न सकिने बेहोराको सूचना समेत प्रकाशन गर्नु पर्नेछ ।*

त्यसैगरी प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४० को उपनियम (४) ले "*उपनियम (३) बमोजिम सीट सङ्ख्या निर्धारण गर्दा त्यस्तो दलले प्राप्त गरेको सीट सङ्ख्याको कम्तीमा चार दशमलव तीन प्रतिशत पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सङ्ख्या निर्धारण गर्नु पर्नेछ*" भन्ने व्यवस्था गरेको छ।

११.२. यसरी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ ले व्यवस्था गरे बमोजिम राजनीतिक दलहरूले आफ्नो समानुपातिक

सूचीमा उम्मेदवारहरूको विवरणको साथै दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रसमेतका समूहहरूको उचित प्रतिनिधित्व हुने गरी क्लस्टर विभाजन गरी पेस गरेको सूचीउपर ऐनको दफा २९ र निर्वाचन आयोगले प्रकाशित गरेको निर्वाचन कार्यक्रम अनुसार कसैले पनि उक्त सूचीउपर तोकिएको समयभित्र दावी विरोध नगरेको अवस्थामा निर्वाचन आयोगले प्रकाशित गरेको अन्तिम नामावलीलाई नै कानूनसम्मत मानिनु पर्ने हुन्छ । यसप्रकार, प्रतिनिधि सभा निर्वाचन ऐन २०७४ को यो व्यवस्थाको त्रुटी भयो भन्न नसकेको अवस्थामा निवेदकले प्रश्न उठाएका समानुपातिक सांसदहरुको प्रचलित संवैधानिक तथा कानूनी प्रावधानको रोहमा योग्यता पुगेकै देखियो। यस स्थितिमा संविधानको धारा ८४ र धारा ८७ को सर्त कोअधिनमा, प्रतिनिधि सभा निर्वाचन ऐन २०७४ को दफा २८ र २९ अनुकुल भएको निर्वाचनलाई दफा २८ मा समावेसी सिद्धान्त बमोजिम समानुपातिक सुचि तयार गर्नुपर्ने भनिएको र संविधानको धारा ४२(१) मा पनि सो उपधारामा उल्लेख गरिएका वर्गका नागरिकलाई समानुपातिक समावेसी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनिएको कारणसम्मले विध्यमान कानूनको प्रत्यक्ष त्रुटी वेगर मिति २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक तर्फको निर्वाचनलाई त्रुटिपुर्ण भन्न मिल्ने देखिएन। समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित घोषित भएका उम्मेदवारहरु कानून बमोजिम निर्वाचित भएको देखिन आएबाट निर्वाचन परिणाम घोषणा गर्ने निर्वाचन आयोगको निर्णयमा कानूनी त्रुटी रहेको मान्न मिलेन। यसर्थ घोषित निर्वाचन परिणाम वदर हुनुपर्छ भन्ने निवेदकहरुको जिकिर स्वीकारयोग्य देखिएन।

१२. अब "**निवेदनमा उठान गरिएको विषयमा कुनै आदेश जारी गर्नुपर्ने अवस्था छ वा छैन?**" भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा माथिल्ला खण्डहरुमा गरिएको विश्लेषणको आधारमा हेर्दा निवेदकले २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट विजयी घोषित भएका ११० जना सांसदहरु आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका व्यक्ति नभई आर्थिक रुपले सम्पन्न, उच्च शिक्षा हासिल गरेका, पटक-पटक मन्त्री/सांसद भइसकेका, उच्च सामाजिक अवस्था भएका व्यक्तिहरु रहेको भन्ने वाहेक संविधानको धारा ८४ वा प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को यो दफाको योग्यता पुगेन वा उक्त ऐन वा नियमावलीको प्रयोगमा यो यस्तो त्रुटि भयो भन्ने जिकिर गरेको अवस्था नदेखिएको, विध्यमान कानून र निर्वाचन आयोगद्वारा अनुशरण गरिएको प्रकृया अनुरुप नै

निजहरु निर्वाचित भएको देखिँदा निवेदकको माग वमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

१३. प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा विध्यमान निर्वाचन सम्वन्धी ऐनको त्रुटी भएको नदेखिएको कारणले रिट निवेदन खारेज भएतापनि नेपालको संविधानको धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांश, धारा ३८(४), धारा ४०(१) र धारा ४२(१) समेतको रोहमा हेर्दा समानुपातिक सहभागिता हकको रुपमा संविधानमा प्रत्याभूत भएकोबाट धारा ८४ (२) को व्याख्या गरिंदा हकको प्रधान्यतालाई समेत मनन गरिनुपर्ने हुन्छ। समावेशिताको अर्थ नै समाजका अगुवाद्वारा निर्वाचित निकायहरु कब्जा (Elite capture) लाई रोक्नु रहेकोसमेत सन्दर्भमा उल्लेखित वर्गमा परेपनि आर्थिक रुपले सम्पन्न, उच्च शिक्षा हासिल गरेका, पटक-पटक मन्त्री/सांसद भइसकेका, उच्च आर्थिक र सामाजिक हैसियत वनाएका सो वर्गका माथिल्लो तह (Creamy Layer) मा रहेका व्यक्तिहरु नै राज्यका निर्वाचित निकायमा पुग्दा समावेशी राज्य संरचनाको स्थापना गर्ने संविधानको प्रमुख उद्देश्य नै परास्त हुन जाने सम्भावना रहन्छ। साथै प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ को दफा २८ ले समावेशी सिद्दान्तलाई स्वीकार गरेको समेत अवस्थामा संविधानको प्रस्तावना, मौलिक हक सम्वन्धी व्यवस्था, राज्यका निर्देशक सिद्दान्त र संविधानमा समानुपातिक समावेशितावारेमा गरिएका समस्त व्यवस्थाहरुलाई दृष्टिगत गर्दा समानुपातिक समावेसी सिद्दान्तको व्यवहारिक कार्यान्वयनको लागि विध्यमान कानूनमा थप परिमार्जन गरिनु वान्छनीय देखिन्छ। तसर्थ उपर्युक्त परिप्रेक्षमा प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ मा संविधान द्वारा प्रत्याभूत समानुपातिक समावेशीताको हक अनुरुप थप परिमार्जन आवश्यक हुँदा आगामी आवधिक निर्वाचन पूर्व प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ समेतका विभिन्न तहका निर्वाचनसंग सम्वन्धित प्रचलित कानूनमा संविधानको शव्द, भाव र मर्म अनुरुप आवश्यक पुनरावलोकन गर्नू गराउनू भनी प्रत्यर्थीहरुका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। अरु तपसिल वमोजिम गर्नू।

## तपसिल

१. निवेदन मागबमोजिम आदेश जारी नभएको हुँदा निवेदकले यस अदालतमा राखेको धरौटी रकम रु.५,०००/- (र.नं.६४६३ मिति २०७९।९।२१) सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को

नियम १५(३) बमोजिम सदर स्याहा हुने भएकोले उक्त रकम सदर स्याहा गर्नु भनी यस अदालतको लेखा शाखालाई जानकारी दिनू ।

२. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थी निकायमा पठाई दिनू ।

३. आदेशको विद्युतिय प्रति प्रणालीमा प्रविष्ट गरी, निवेदनहरुको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

आनन्दमोहन भट्टराई
न्यायाधीश

उक्त रायमा सहमत छौं ।

| | | | |
|---|---|---|---|
| सुष्मालता माथेमा | प्रकाश कुमार ढुंगाना | प्रकाशमान सिंह राउत | विश्वम्भरप्रसाद श्रेष्ठ |
| न्यायाधीश | न्यायाधीश | न्यायाधीश | प्रधान न्यायाधीश |

**फैसला लेखनमा सहयोग गर्नेः**

इजलास अधिकृत (शाखा अधिकृत) राजेन्द्र पौडेल
कम्प्युटर अपरेटर हर्कमाया राई

**इति संवत् २०८० साल फागुन ३० गते रोज ४ शुभम् ...................................**